# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २९० | काठमाडौं | बुधवार, ०६ फागुन २०८२ | Prabhab National Daily | Wednesday, 18 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**प्रजातन्त्रका आधारभूत पक्ष**

- संवैधानिक सर्वोच्चता ।
- बहुलवादको सम्मान ।
- विधिको शासन ।
- शक्ति पृथकीकरण ।
- आवधिक निर्वाचन ।
- मौलिक हक ।
- मानव अधिकार ।
- प्रेस तथा वाक स्वतन्त्रता ।
- सामाजिक न्याय तथा समावेशीकरण ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास लगायतका पक्षहरु ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**





तस्बिर: क्यान

**भारतमा जारी टि–२० विश्वकपमा मंगलबार स्कटल्याण्डविरुद्ध रन लिँदै नेपालका दीपेन्द्रसिंह ऐरी । उनको अर्धशतकीय योगदानमा नेपालले स्कटल्याण्डलाई सात विकेटले हरायो । टि–२० विश्वकपमा नेपालको यो १४ वर्षपछिको पहिलो जित हो । यद्यपि, जारी प्रतियोगिताबाट बाहिरिसकेकोले यो जित सान्त्वनामै सीमित रह्यो ।**

**(थप समाचार पृष्ठ ६ मा)**

# २५० जनालाई अमेरिका पठाइदिने नाममा करोडौं ठगी

## संगठित मानव तस्करी सञ्जाल उजागर

- २५० जनालाई अवैधरूपमा अमेरिका पठाएको आरोपमा बस्नेतद्वयविरुद्ध करिब एक अर्बको मुद्दा
- ९८ करोडभन्दा बढी अवैध कारोबार भेटियो
- एक अभियुक्त कारागारमा, अर्को फरार
- वर्षौंदेखि विभिन्न माध्यम प्रयोग गरी युवायुवतीलाई अमेरिका पठाइदिने प्रलोभन देखाउँदै ठूलो रकम असुल्ने गरेको खुलासा
- वैदेशिक रोजगारी वा अवैध बाटो हुँदै अमेरिका जाने प्रलोभनमा नपर्न अपिल

■ **जेबी योञ्जन**

**काठमाडौं–** करिब २५० जनालाई अवैध तरिकाले अमेरिका पठाउने तथा केहीलाई अमेरिका लैजाने बहाना बनाई ठगी गरेको आरोपमा दुई जनाविरुद्ध करिब एक अर्ब रूपैयाँबराबरको सम्पत्ति शुद्धीकरण मुद्दा दायर भएको छ । यससँगै मानव तस्करीको संगठित सञ्जालबारे थप विवरणसमेत सार्वजनिक भएको छ ।

जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले मानव बेचबिखन अनुसन्धान ब्युरोको अनुसन्धान प्रतिवेदनका आधारमा रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका-२ का कलबहादुर बस्नेत र रुकुमपूर्वको सिस्ने गाउँपालिका-५ का अमित बस्नेतविरुद्ध मंगलबार काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको हो ।

अनुसन्धान अनुसार उनीहरूले वर्षौंदेखि विभिन्न माध्यम प्रयोग गरी युवायुवतीलाई अमेरिका पठाइदिने प्रलोभन देखाउँदै ठूलो रकम असुल्ने गरेका थिए । केहीलाई भने गैरकानुनी बाटोहुँदै अमेरिका पुर्‍याइएको र

> “हामीले बैंक खाताहरु, लेनदेन विवरण र सम्पत्तिको स्रोत जाँच गर्दा अस्वाभाविक रकमको कारोबार देखियो । त्यसैका आधारमा सम्पत्ति शुद्धीकरण मुद्दा अघि बढाइएको हो ।
>
> ■ **राजन लिम्बू**
> **एसपी, मानव बेचबिखन ब्युरो**

कतिपयलाई विदेशका विभिन्न देशमा अलपत्र पारिएको आरोप छ । मुद्दामा प्रतिवादी बनाइएका कलबहादुर हाल डिल्लीबजार कारागारमा छन् । उनलाई अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) को सहयोगमा गत भदौमा दुबईबाट पक्राउ गरी नेपाल ल्याइएको थियो ।

**क्रमशः पृष्ठ २ मा**

### ठगी आरोपित चार जना प्रहरीको फन्दामा


काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिने भन्दै ठगी गरेको आरोपमा चार जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौंको तारकेश्वर नगरपालिका-५ बस्ने झापाको अर्जुनधारा नगरपालिका-६ घर भएका ५१ वर्षीय धर्मप्रसाद राई, काठमाडौंको तारकेश्वर नगरपालिका-७ बस्ने ३५ वर्षीया निमा डोल्मा लामा, काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-९ बस्ने...

**क्रमशः पृष्ठ २ मा**

प्रतिनिधिसभा सदस्य निर्वाचन

# तयार भयो मतपत्र, १० दिनभित्र सबै जिल्लामा पुग्ने

- प्रत्यक्षतर्फ दुई करोड तीन लाख र समानुपातिकतर्फ दुई करोड आठ लाख ३० हजार मतपत्र छापिए
- दैनिक १३ देखि १५ लाख मतपत्र छपाइ गर्दा लियो ४० दिन
- कर्णाली र सुदूरपश्चिममा सबै मतपत्र पुगिसकेको जानकारी
- निर्वाचनका लागि आवश्यक ९० हजार मतपेटिकाको व्यवस्था



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै गर्दा तयारीले पनि तीव्रता पाएको छ । यही क्रममा निर्वाचन आयोगले आसन्न निर्वाचनका लागि आवश्यक सम्पूर्ण मतपत्र छपाइ सकाएको छ ।

सोमबार साँझ सबै मतपत्र छपाइ सम्पन्न गरिएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले बताए । निर्वाचन आयोगले जनक शिक्षालाई मतपत्र छपाइको जिम्मेवारी दिएको थियो । सोहीअनुसार मतपत्र छपाइको काम सम्पन्न गरिएको उनको भनाइ छ । मंगलबारदेखि सबै मतपत्र ‘प्याकेजिङ’ सकेर सम्बन्धित प्रदेशमा ढुवानी गर्न थालिएको उनले बताए ।

‘प्रत्यक्षतर्फ दुई करोड तीन लाख मतपत्र छपाइ कार्य सोमबार साँझबाट सम्पन्न गरेका छौं,’ प्रबन्ध निर्देशक पौडेलले भने, ‘४२ दिनको कार्यतालिका लिएर छपाइ सुरु गरिएकामा ४० दिनमै सम्पन्न गर्न सफल भयौं ।

**क्रमशः पृष्ठ २ मा**

# ‘निर्वाचन आचारसंहिता बन्देज होइन’



**काठमाडौं (प्रस)–** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन आचारसंहिता बन्देज नभई चुनावलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र बनाउने माध्यम भएको बताएका छन् ।

निर्वाचन आयोगले मंगलबार यहाँ आयोजना गरेको मतदाता शिक्षा एवं निर्वाचन प्रचारप्रसारका लागि सामाजिक सञ्जालका संघसंस्था तथा कलाकारहरूसँग अन्तरक्रियामा उनले मिथ्या र गलत सूचना रोकी स्वच्छ प्रतिस्पर्धाका लागि सहयोग गर्ने उद्देश्यले नै आचारसंहिता जारी गरेर कार्यान्वयनमा लगिएको बताए । निर्वाचन लोकतन्त्रको प्राण भएकाले सही सूचना प्रवाह गरेर सफल बनाउने दायित्व सबैको भएको उनको भनाइ थियो ।

‘हामी प्रेस स्वतन्त्रता विरोधी होइनौं, निर्वाचन आचारसंहिता लागू भएका बेला कुराकानीका आधारमा तयार पारिएको सामग्रीका आधारमा हार जित भनी प्रकाशन गरिँदा मानिसलाई दिग्भ्रमित बनाएको छ, यसरी अरु उम्मेदवारलाई हतोत्साही नबनाऔं, कृत्रिम बौद्धिकता (एआई) प्रयोग गरेर बनाई सामाजिक सञ्जालमा पोस्ट गरिएका सामग्रीले पनि भ्रम फैलाएको छ, यस्तो प्रचारप्रसार रोकेर स्वच्छ रूपमा निर्वाचन हुने वातावरण बनाऔं,’

**क्रमशः पृष्ठ २ मा**

**सन्दर्भ:वैदेशिकरोजगार**

# सात महिनामा चार लाख ७८ हजारभन्दा बढीले रोजगारीका लागि छाडे देश

## युएई पुन: प्रमुख गन्तव्य, माघ महिनामामात्रै ७० हजारभन्दा बढी विदेसिए

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्षको सात महिनामा साढे चार लाखभन्दा बढी युवा रोजगारीका लागि विदेसिएका छन् । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत साउनदेखि माघसम्मको अवधिमा चार लाख ७८ हजार १७६ जना रोजगारीको खोजीमा विभिन्न मुलुक पुगेका हुन् । यो संख्या व्यक्तिगत, संस्थागत र पुन: श्रम स्वीकृति लिएर गएकाहरूको हो ।

अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आवमा रोजगारीमा जानेहरू १२ हजार ६६८ जनाले बढे छन् । गत आव २०८१/८२ को यसै अवधिमा चार लाख ६५ हजार ५०८ जना रोजगारीमा गएका थिए ।

विभागका अनुसार पछिल्लो महिना माघमामात्रै ७० हजार ५०३ जनाले मुलुक छोडेका छन् । जसमा ६२ हजार १६२ जना पुरुष र आठ हजार ३४१ जना महिला छन् । उक्त महिना २६ हजार ८०७ जना म्यानपावर कम्पनीमार्फत रोजगारीमा गएका तथ्यांकमा देखिन्छ । यसरी जानेमा २४




फाइल तस्बिर

हजार २८१ जना पुरुष र दुई हजार ५२६ जना महिला रहेका छन् ।

त्यस्तै व्यक्तिगत श्रम स्वीकृति लिएर १० हजार ३६० जना गएका छन् । यसरी जानेमा आठ हजार ४० जना पुरुष र दुई हजार ३२० जना महिला छन् । उक्त महिनामा ३२ हजार ६९१ जना पुन: श्रम स्वीकृति लिएर गएको तथ्यांक छ । पुन: श्रम स्वीकृति लिनेमा २९ हजार २८८ जना पुरुष र ३२ हजार ६९१ महिला छन् ।

माघमा ३७ हजार ८१२ जना पहिलोपटक रोजगारीमा गएका छन् । ३२ हजार ८७४ जना पुरुष र चार हजार ९३८ जना महिला रोजगारीका लागि पहिलोपटक विदेश यात्रामा निस्किएका हुन् । यस्तै जिटुजी प्रणालीमार्फत ५७९ जनाले रोजगारीको अवसर पाएका छन् । जसमा ५२२ जना दक्षिण कोरिया र ५७ जना इजरायल गएका विभागको तथ्यांकमा उल्लेख छ ।

माघमा युवाहरू रोजगारीको खोजीमा १०७ वटा मुलुकमा गएका छन् । उनीहरू संस्थागत माध्यमबाट १३ वटा मुलुक जाँदा व्यक्तिगत श्रम स्वीकृतिमा ९१ वटा मुलुक पुगेका छन् । विभागका अनुसार २५ वटा मुलुकमामात्र १०० जनाभन्दा बढी श्रमिक गएका छन् । २१ वटा मुलुकमा एक जना कामदारमात्र गएको तथ्यांक छ ।

### लयमा युएई रोजगारी

नेपालीहरूको प्रमुख रोजगार गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई) जेन-जी आन्दोलनपछि सातौं स्थानसम्म पुगेको थियो । गत पुसमासमेत युएई तेस्रो प्रमुख गन्तव्य थियो । माघबाट भने युएईको रोजगारीले पुरानै लय समात्न थालेको छ । सो महिनामा सबैभन्दा बढी १५ हजार १३७ जना युएई गएका छन् । यद्यपि, भदौअघिको तथ्यांक हेर्दा प्रत्येक महिना २० देखि २५ हजार युवा उक्त मुलुक जाने गरेका थिए । जेन-जी आन्दोलनपछि सुरक्षा चुनौतीका कारण युएई रोजगारी केही समय बन्द भएको थियो ।

माघमा युएईपछि धेरै युवा साउदी अरब गएका छन् । साउदीमा ११ हजार ५९२ जना गएको विभागको तथ्यांक छ । त्यसपछि कतारमा ११ हजार ५८०, मलेसियामा १० हजार ३४१ र कुवेतमा पाँच हजार ४४३ जना गएका छन् ।

**क्रमशः पृष्ठ २ मा**

# पक्राउ पर्दै, छुट्दै दुर्गा

- १६ महिनामा छैटौंपटक पक्राउ
- प्रसाईं पक्राउ पर्दाका आरोपहरु सार्वजनिक शान्तिविरूद्धको गतिविधि, भड्काउ अभिव्यक्ति, साइबर अपराध, आपराधिक उपद्रवलगायत
- सोमबार राति पुन: पक्राउ परेका प्रसाईंलाई चार दिन हिरासतमा राखेर अनुसन्धान गर्न अदालतको अनुमति
- निर्वाचनसम्बन्धी अफवाह फैलाएर शान्ति सुरक्षामा खलल पुर्‍याएको आरोप

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** विवादित मेडिकल व्यवसायी तथा राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऊ महाअभियानका संयोजक दुर्गा प्रसाईं चार दिन प्रहरी हिरासतमा बस्ने भएका छन् । उनलाई जिल्ला प्रशासन कार्यालय काठमाडौंले चार दिन हिरासतमा राखेर अनुसन्धान गर्न मंगलबार अनुमति दिएको हो ।

भक्तपुरस्थित आफ्नै निवासबाट सोमबार राति पक्राउ परेका उनलाई निर्वाचनसम्बन्धी अफवाह फैलाएर शान्ति सुरक्षामा खलल पुर्‍याएको आरोप छ । उनी पक्राउ परेको सार्वजनिक शान्तिविरुद्धको कसुरमा भएको




फाइल तस्बिर

प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले बताए ।

उसो त प्रसाईंको पक्राउ र रिहाइ पछिल्लो समय नियमितजस्तै भएको छ । पछिल्ला १६ महिनामा उनी छैटौंपटक पक्राउ परिसकेका छन् । उनी सार्वजनिक शान्तिविरुद्धका गतिविधि, भड्काउ अभिव्यक्ति, साइबर अपराध र आपराधिक उपद्रवजस्ता आरोपमा पक्राउ पर्ने गरेका छन् । तर, अदालतबाट धरौटी, साधारण तारेख वा हाजिरी जमानीमा छुट्दै आएका छन् ।

प्रसाईंलाई यसअघि काठमाडौंको चाल्नाखेलबाट वीरगञ्ज जाने क्रममा प्रहरीले नियन्त्रणमा लिएको थियो ।

**क्रमशः पृष्ठ २ मा**

### प्रसाई पक्राउको घटनाक्रम

**फागुन ४, २०८२**
सार्वजनिक शान्तिविरूद्धको कसुरमा निवासबाट पक्राउ । चार दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति ।

**माघ २८, २०८२**
वीरगञ्जमा अनुमति नपाएको कार्यक्रम गर्न अडान । निर्वाचन बिथोल्नेगरी कार्यक्रम गर्न खोजेको आरोप ।

**माघ १९, २०८२**
चितवनमा तोकिएको स्थानबाहेक अन्यत्र कार्यक्रम गर्न खोजेपछि प्रशानको हस्तक्षेप । सार्वजनिक शान्ति भंग गर्न खोजेको आरोप ।

**चैत १५, २०८१ (तीनकुने हिंसा)**
तीनकुने क्षेत्रमा भएको हिंसात्मक राजावादी आन्दोलनपछि फरार । आन्दोलनमा मृत्यु, घाइते र आगजनी भएपछि उनीमाथि हिंसा गर्न भीडलाई उक्साएको आरोप । भारतको आसाम राज्यमा पक्राउ ।

**मंसिर ४, २०८१**
तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको कम्बोडियाको टेलिकममा लगानी रहेको गम्भीर आरोप लगाउँदै सामाजिक सञ्जालमा अपुष्ट सामग्री सार्वजनिक गरेको अभियोगमा पक्राउ ।

**असोज ६, २०८१**
भक्तपुरस्थित निवासबाट पहिलोपटक पक्राउ । विभिन्न व्यक्तिमाथि आपत्तिजनक र आधारहीन आरोप लगाएको उजुरीपछि साइबर ब्युरोको नियन्त्रणमा ।

## पृष्ठ १ बाट क्रमश:

### २५० जनालाई...

उनी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा पुर्पक्षका लागि थुनामा छन् । अर्का प्रतिवादी अमित भने फरार छन् । उनलाई फरार प्रतिवादी कायम गरी मुद्दा अघि बढाइएको हो । प्रहरीले सार्वजनिक गरेको विवरणअनुसार उनीहरूले अमेरिका पठाइदिने भन्दै पीडितहरूसँग लाखौंदेखि करोडौं रूपैयाँसम्म उठाएका थिए । अनुसन्धानका क्रममा धेरै पीडितले ठूलो रकम बुझाएको तर अमेरिका पुग्न नसकेको भन्दै उजुरी दिएका थिए । मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रहरी उपरीक्षक राजन लिम्बूले अनुसन्धानका क्रममा ठूलो परिमाणमा अवैध वित्तीय कारोबार देखिएको बताए । उनले भने, 'हामीले बैंक खाताहरू, लेनदेन विवरण र सम्पत्तिको स्रोत जाँच गर्दा अस्वाभाविक रकमको कारोबार देखियो । त्यसैका आधारमा सम्पत्ति शुद्धीकरण मुद्दा अघि बढाइएको हो ।'

उनका अनुसार कलबहादुर बस्नेतको विभिन्न बैंक खातामा ७० करोड ६० लाख ५३ हजार ७२२ रूपैयाँबराबरको अवैध कारोबार भएको भेटिएको छ । त्यस्तै फरार प्रतिवादी अमित बस्नेतको खाताबाट २७ करोड ४५ लाख २९ हजार रूपैयाँबराबरको शंकास्पद कारोबार देखिएको छ ।

प्रहरीले दुवै जनाको कूल ९८ करोड पाँच लाख ८२ हजार रूपैयाँबराबरको अवैध कारोबार पुष्टि भएको भन्दै सोही रकमबराबरको बिगो मागदाबी गरिएको जनाएको छ । अनुसन्धानमा संलग्न अधिकारीहरूका अनुसार उनीहरूले विभिन्न 'एजेण्ट' र बिचौलियामार्फत गाउँ-गाउँबाट युवाहरू संकलन गर्ने, भिसा प्रक्रिया मिलाइदिने, ट्राञ्जिट देशहुँदै अमेरिका लैजाने योजना बनाउनेजस्ता काम गर्दै आएका थिए । कतिपयलाई दक्षिण अमेरिकी देशहरू हुँदै जोखिमपूर्ण यात्रा गराइएको ब्युरोको प्रारम्भिक निष्कर्ष छ ।

ब्युरोका एसपी लिम्बू यो सामान्य ठगीमात्र नभई संगठित मानव तस्करीको जालो देखिएको बताउँछन् । उनका अनुसार ठगी घटनामा विभिन्न देशमा सम्पर्क रहेका व्यक्तिहरू प्रयोग भएको संकेत भेटिएको छ । पीडितहरूले बयानमा अमेरिका पठाइदिने भनिएपछि ३० लाखदेखि ८० लाख रूपैयाँसम्म बुझाएको देखिएको छ । केहीले घरजग्गा बेचेर वा ऋण लिएर रकम बुझाएको बताएका छन् । अमेरिका पुग्न नसकेपछि उनीहरू आर्थिक र मानसिक समस्यामा परेका थिए ।

प्रहरीका अनुसार यस प्रकरणमा थप व्यक्तिहरूको संलग्नता हुन सक्ने भएकाले अनुसन्धान जारी छ । फरार प्रतिवादी अमितको खोजीका लागि प्रहरी परिचालन गरिएको र अन्तर्राष्ट्रिय समन्वय पनि भइरहेको जनाइएको छ ।

यस घटनापछि वैदेशिक रोजगारी वा अवैध बाटो हुँदै अमेरिका जाने प्रलोभनमा नपर्न प्रहरी र सरोकारवाला निकायहरूले सर्वसाधारणलाई सचेत गराएका छन् । ब्युरोले भनेको छ, 'विदेश पठाइदिने भन्दै अस्वाभाविक प्रस्ताव आएमा तुरुन्त सम्बन्धित निकायमा जानकारी दिनुहोस् ।'

■■■

### ठगी आरोपित..

झापा अर्जुनधारा नगरपालिका-५ घर भएका ४२ वर्षीय गोविन्दप्रसाद निरौला र काठमाडौं महानगरपालिका-१३ बस्ने गोरखा गण्डकी गाउँपालिका-१ घर भएका ४३ वर्षीय सुरजबहादुर श्रेष्ठ रहेका छन् ।

आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै नपठाई रकम ठगी गरेको अभियोग उनीहरूमाथि छ । पक्राउ परेकामध्ये धर्मप्रसादले अस्ट्रिया पठाइदिन्छु भन्दै एक जना पीडितबाट पाँच लाख ८५ हजार रूपैयाँ, निमाले बेलायत पठाइदिन्छु भन्दै दुई जना पीडितबाट ५० लाख रूपैयाँ ठगी गरेका पाइएको छ । गोविन्दप्रसादले टर्की पठाइदिन्छु भन्दै दुई जना पीडितबाट दुई लाख तीन हजार रूपैयाँ र सुरजले रोमानिया पठाइदिन्छु भन्दै दुई जना पीडितबाट सात लाख ५० हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको प्रहरीले जानकारी दिएको छ ।

पीडितहरूको उजुरीको आधारमा उनीहरूलाई काठमाडौंको विभिन्न स्थानबाट प्रहरीले पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभागमा पठाइएको कार्यालयले जनाएको छ ।

■■■

### तयार भयो ....

अब १० दिनभित्र सबै जिल्लामा मतपत्र पुऱ्याउँछौं ।' केन्द्रले दैनिक १३ देखि १५ लाख मतपत्र छपाइ गर्दै आएको थियो । यसअघि १० लाख नमूना मतपत्र छपाइ सकेर आयोगले विभिन्न ठाउँमा पुऱ्याइसकेको छ भने दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र जिल्लामा पठाउने काम भइरहेको केन्द्रले जनाएको छ । प्रबन्ध निर्देशक पौडेलले कर्णाली र सुदूरपश्चिममा सबै मतपत्र पुगिसकेको र बाँकी क्षेत्रमा पनि १० दिनभित्र मतपत्र पुऱ्याउने गरी काम भइरहेको जानकारी दिए ।

#### ९० हजार मतपेटिकाको व्यवस्था

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक ९० हजार मतपेटिकाको व्यवस्था भइसकेको निर्वाचन आयोगले जानकारी दिएको छ । काठमाडौं र ललितपुरका मतदान केन्द्रका लागि आवश्यक मतपेटिका आयोगको केन्द्रीय कार्यालयमै राखिएको छ । दुवै जिल्लाका निर्वाचन कार्यालयमा राख्ने ठाउँ नभएकाले केन्द्रीय कार्यालयमै राखिएको थियो ।

चितवनमा भने भदौ २४ गतेको जेन-जी आन्दोलनका क्रममा मतपेटिका जलाइएकाले आयोगको केन्द्रीय कार्यालयबाट दुई हजार ५०० थान मतपेटिका पठाइएको प्रशासन शाखा प्रमुख एवं सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिए ।

भक्तपुरमा जिल्ला निर्वाचन कार्यालयले मतपेटिका राखेकाले त्यसैबाट मतदान केन्द्रसम्म पठाउने व्यवस्था गरिएको छ । अन्य ७४ जिल्लामा पनि २०७९ सालमै पठाइएको मतपेटिकाको मौज्दातबाट पठाउनेगरी व्यवस्था गरिएको उनले बताए । यसपटकको निर्वाचनका लागि ९६७ मतदानस्थल र २३ हजार ११२ मतदान केन्द्र रहेको आयोगले जानकारी दिएको छ ।

■■■

### निर्वाचन...

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भने । यो उम्मेदवार ठीक यो बेठीक भन्ने खालका समाचार सम्प्रेषण नगर्न पनि उनले आग्रह गरे । लयबाट बाहिरिएको मुलुकलाई लयमा फर्काउने माध्यम फागुन २१ गतेको निर्वाचन भएकाले यसलाई सफल पार्न सबैको सहयोग हुनुपर्ने, नयाँ थपिएका साढे नौ लाख मतदाताका कारण मतदान प्रतिशत बढ्ने र बदर हुने मतसंख्या घट्ने विश्वास पनि गरिएको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए ।

आयोगका सचिव कृष्णबहादुर राउतले कलाकार र 'कन्टेन्ट क्रियटर' लाई मतदाता शिक्षा प्रदान गर्न सद्भावना दूतका रूपमा काम गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले पनि कार्यक्रम आयोजना गरिएको बताए । मतदाता शिक्षाका सही सूचना प्रदान गर्न यस्ता कार्यक्रमले सहयोग गर्ने विश्वास गरिएको उनको भनाइ थियो । मतदाता शिक्षा पहिलोपटक मतदान गर्नेलाई प्रेरित गर्न निर्णायक हुने विश्वास गरिएको छ । गलत सूचनाले लोकतन्त्रलाई असर गर्ने भएकाले ९० प्रतिशत इन्टरनेट प्रयोगकर्तालाई मतदाता शिक्षा दिन कार्यक्रमले सहयोग गर्ने सचिव राउतको विश्वास थियो ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका बारेमा प्रस्तुति गर्नुहुँदै आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले २०७९ सालको भन्दा यसपटक नौ लाख १५ हजार मतदाता थपिएको जानकारी दिए । १६ वर्ष पूरा भएका युवालाई मतदाता नामावलीमा समावेश गरी निर्वाचन हुने अघिल्लो दिन १८ वर्ष पूरा हुने जतिलाई मतदाता सूचीमा समावेश गर्ने गरिएको पनि उनले सुनाए ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले राजनीतिक दल र उम्मेद्वारले निर्वाचनमा एजेण्डा लिएर नआउने र मतदाताले पनि त्यसका आधारमा मत नदिने गरेकाले लोकतन्त्रको मेरुदण्डका रूपमा रहेको निर्वाचन प्रक्रियामा समस्या आउने गरेको बताए । हास्यकलाकार मनोज गजुरेलले 'भाइरल कन्टेन्ट' राजनीतिले रोकेको विषाक्त रोग अझै बढ्छ कि भन्ने सोचेरमात्र सामाजिक सञ्जालमा निर्वाचनसम्बन्धी सामग्रीको पोष्ट गर्नुपर्ने भनाइ राखेका थिए ।

■■■

### सात महिनामा...

जिल्लागत तथ्यांकअनुसार सबैभन्दा धेरै झापाबाट तीन हजार १२८, धनुषाबाट तीन हजार ११६, मोरङबाट दुई हजार ९७९, सिरहाबाट दुई हजार ५१३ र महोत्तरीबाट दुई हजार १६० जना रोजगारीमा गएका छन् । सबैभन्दा कम भने मनाङबाट १९, मुस्ताङबाट २१, हुम्लाबाट ५१, डोल्पाबाट ७० र मुगुबाट ८८ जना गएका छन् ।

माघमा रोजगारीमा गएकाहरूमध्ये सबैभन्दा धेरै ४१ हजार ४९५ जना सीपयुक्त कामदार रहेका छन् । अदक्ष कामदार १७ हजार ७३१ जना गएका छन् । त्यस्तै, अर्धदक्ष कामदार १० हजार ८६८, व्यावसायिक ३१९ र उच्च दक्ष ९० जना कामदार विदेसिएका छन् ।

■■■

### पक्राउ पर्दै...

थप अनुसन्धानका लागि साइबर ब्युरोमा बुझाइएका प्रसाईंमाथि निर्वाचन आचारसंहिता उल्लंघनको आरोप थियो । उनलाई पक्राउ गर्न निर्वाचन आयोगले साइबर अपराधसम्बन्धी कसुरमा कारबाहीका लागि पत्र पठाएको र सोही आधारमा पक्राउ परेका प्रसाईंमाथि ब्युरोले अनुसन्धान गरेको थियो । प्रहरीको दाबीमा उनले वीरगञ्जमा निर्वाचनविरोधी गर्न लागेका थिए । सरकार, निर्वाचन आयोग र दलहरू निर्वाचनमा जाँदा प्रसाईंले भने बिथोल्नेगरी कार्यक्रम गर्न लागेपछि उनलाई पक्राउ गर्नुपर्ने निष्कर्षमा सरकार पुगेको थियो ।

प्रसाई पछिल्ला वर्षहरूमा राजावादी आन्दोलन, सामाजिक सञ्जालमार्फत सार्वजनिक अभिव्यक्ति र विभिन्न प्रदर्शनसँग जोडिँदै आएका छन् । उनका समर्थकहरूले उनलाई राजनीतिक रूपमा लक्षित गरिएको दाबी गर्दै आएका छन् । तर सुरक्षा निकाय र सरकारीपक्ष भने उनका गतिविधिले सार्वजनिक शान्ति, सामाजिक सद्भाव र कानुनी व्यवस्थामा असर पार्ने भएकाले हस्तक्षेप गर्नुपरेको बताउँदै आएका छन् । खासगरी सामाजिक सञ्जालमार्फत अपुष्ट सूचना, कागजात र आरोप सार्वजनिक गर्ने शैलीले साइबर अपराधसम्बन्धी कानुनको प्रयोग बढाएको छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/११/०६ गते**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **रिभेरा इन्फो ट्रेड प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आयत ईन्टरेशनल प्रा.लि. (प्रा.लि.नं. १९६७९६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

दावी विरोध सम्बन्धी
वैदेशिक रोजगार विभाग, काठमाडौंको

**सूचना**

प्रकाशित मितिः २०८२/११/०६

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त तपसिल बमोजिमका श्री **Fix Job Overseas Pvt. Ltd.** (ई.प.नं. 1590/079/80) को तपसिल बमोजिमका संचालकहरु/शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| साविकका शेयरधनीहरुको नाम | अब कायम हुने शेयरधनीहरुको नाम |
|---|---|
| १. श्रद्धा खड्का तिमल्सिना (०१- ६,२५०) | १. दिनेश कुमार खड्का (०१- ६,२५०) (१२,५०१- १५,०००) |
| २. थानेश्वर ज्ञवाली (६,२५१- १२,५००) | २. थानेश्वर ज्ञवाली (६,२५१- १२,५००) (१५००१- १८,७५०) |
| ३. राजकुमार आचार्य (१२,५०१- १८,७५०) | ३. राम तिमल्सिना (१८,७५१- २५,०००) |
| ४. राम तिमल्सिना (१८,७५१- २५,०००) | |

**शान्ति सच्चाई केन्द्र सामाजिक संस्था (लिक्विडेसन) सम्बन्धमा हकदाबी गर्न आउने बारे सूचना**

संस्था दर्ता ऐन २०३४ बमोजिमको मिति २०७९/०९/१७ मा दर्ता भएका २०२९५८/०७५/०७६ को दर्ता **शान्ति सच्चाई केन्द्र सामाजिक संस्था** लाई खारेजी -लिक्वीडेसन) मा लैजाने संस्था दर्ता ऐन २०३४ अधिनमा रहि दर्ता भएको शान्ति सच्चाई केन्द्र सामाजिक संस्था विधान को दफा ५१ बमोजिम मिति २०८१/०९/०६ गतेको साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोहि/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश हरि अधिकारी, लिक्विडेटर**
**दामासाही प्र.प.नं.-५४७, मोबाइल नं.९८४२६३८३६७**

**कर्मचारी हटाईएको सम्बन्धी सूचना**

यस **Overseas Employment (P) Ltd.** (ई.प.नं. १२०८/०७३/०७४) मा कार्यरत **मो. वाहिद अंसारी** (ना.प्र.प्र.नं.०६-०१-७३-०४२९१) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

**कर्मचारी हटाईएको सम्बन्धी सूचना**

यस **Sky Blue H.R. Solution Pvt. Ltd.** (ई.प.नं. १६६४/०८०/८१) मा कार्यरत **रेखा श्रेष्ठ** (ना.प्र.प्र.नं.३१३०३०/४०७) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Email: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

**सुनापति गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हिलेदेवी, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

**ब्लुबुक हराएको सूचना**

यस गाउँपालिकाको नाममा दर्ता रहेको तपसिल बमोजिमको सरकारी मोटरसाइकलको विभिन्न ब्लुबुक हराएको र उक्त मोटरसाइकल समयमै नवीकरण एवं बिमा हुन नसकेको हुँदा पाउने हुने वा देख्नुहुने महानुभावहरूले सुनापति गाउँपालिकाको कार्यालय, नजिकैको प्रहरी कार्यालय वा मोबाइल नम्बर : ९८६४०५०८०० मा सम्पर्क गरिदिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | विवरण | रकम | कै |
|---|---|---|---|
| १ | बा.प्र. ०२-००१ ब ५२६६ | एफ जेड १५० cc | |
| २ | बा.प्र. ०२-००१ ब ७६८३ | पल्सर १५० cc | |
| ३ | बा.प्र. ०२-००१ ब ७५७८ | पल्सर २२० cc | |
| ४ | बा.प्र. ०२-००१ ब ८४९९ | पल्सर २२० cc | |
| ५ | बा.प्र. ०२-००१ ब ७२७८ | पल्सर २२० cc | |
| ६ | बा.प्र. ०२-००१ ब ११४७ | पल्सर १५० cc | |

**प्रमुख प्रशासकीय अधिकृत**


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बुधबार, ०६ फागुन, २०८२**

| | |
|---|---|
| **मेष** | उत्साहमा वृद्धि हुने छ । गणेश अथर्वशिर्षको पाठ सुन्नुहोला । |
| **वृष** | खर्च बढ्ने योग रहेको छ । कुबेरको ध्यान गरेमा लाभ मिल्ने छ । |
| **मिथुन** | व्यापारमा लाभ मिल्ने छ । भिमेश्वर महादेवको प्रार्थना गरेमा विघ्न हटेर जाने छ । |
| **कर्कट** | कार्यक्षेत्रमा प्रशम्सा बढ्ने छ । भगवान शिवको स्मरण गर्दै दिनको सुरुवात गर्नु लाभप्रद हुने छ । |
| **सिंह** | नयाँ योजना बन्ने छन् । सूर्यनारायणको स्तुति गर्नुहोला । |
| **कन्या** | बौद्धिक कार्यमा सफलता मिल्ने छ । भगवान बुद्धको ध्यान गर्नुहोला । |
| **तुला** | पारिवारिक सुख मिल्ने छ । माता अन्नपूर्णाको ध्यान गर्नुहोला । |
| **वृश्चिक** | साहस र पराक्रम बढेर जाने छ । हनुमानजीको ध्यान गर्नुहोला । |
| **धनु** | बोलिको प्रभाव बढ्ने छ । माता बागदेविको स्तुति गान गर्नुहोला । |
| **मकर** | आत्मविश्वास बढ्ने छ । भगवान नर्सिंहको ध्यान गर्नुहोला । |
| **कुम्भ** | वैदेशिक कार्यमा सफलता मिल्ने छ । शनिदेवको वैदिक स्तुति गान गर्नुहोला । |
| **मीन** | अधुरा कामहरू पूरा हुने छन् । विष्णु सहस्रनामको पूर्ण स्तुति श्रवण गर्नुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ फागुन, २०८२ (१८ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.७५ | १४५.३५ |
| युरो | १ को | १७१.७४ | १७२.४५ |
| पाउन्ड स्टिर्लङ | १ को | १९७.५५ | १९८.३७ |
| स्विस फ्रैन्क | १ को | १८८.०२ | १८८.८० |
| अस्ट्रेलियन डलर | १ को | १०२.५० | १०२.९२ |
| क्यानाडियन डलर | १ को | १०६.२४ | १०६.६८ |
| सिङगापुर डलर | १ को | ११४.७० | ११५.१७ |
| जापानी येन | १० को | ९.४३ | ९.४७ |
| चिनियाँ युआन | १ को | २०.९५ | २१.०४ |
| साउदी अरब रियाल | १ को | ३८.६० | ३८.७६ |
| कतारी रियाल | १ को | ३९.६० | ३९.७७ |
| थाई भाट | ख १ को | ४.६५ | ४.६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.४१ | ३९.५७ |
| मलेसियन रिङेट | १ को | ३७.१२ | ३७.२७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०३ | १०.०७ |
| स्विडिस क्रोनर | १ को | १६.१८ | १६.२५ |
| डेनिस क्रोनर | १ को | २२.९९ | २३.०८ |
| हङकङ डलर | १ को | १८.५२ | १८.६० |
| कुवेती दिनार | १ को | ४७४.३६ | ४७६.३२ |
| बहराइन दिनार | १ को | ३८३.९६ | ३८५.५५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# पैदलयात्रुलाई हातपात गर्ने कार चालकलाई सात दिन थुनामा राख्न अनुमति



■ प्रभाव संवाददाता

**काठमाडौं–** मंगलबार एक जना कार चालकले पैदलयात्रुलाई कुटेको भिडियो सामाजिक सञ्जालमा भाइरल बन्यो । बिहानैदेखि भाइरल भएको उक्त भिडियोबारे सर्वत्र आलोचना भएपछि प्रहरीले खोजी अभियान थाल्यो । अन्ततः प्रहरीले ती व्यक्तिलाई पक्राउ गरिछाडयो ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले यसरी कुटपिट गर्ने व्यक्ति बूढानीलकण्ठ नगरपालिका-३ बस्ने ४२ वर्षका पारस बम रहेको जानकारी दिए । नियन्त्रणमा लिइएका उनी इञ्जिनियर रहेको खुलेको छ। बमलाई थप कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौंलाई बुझाइएको उनले बताए ।

प्रहरी वरिष्ठ उपरीक्षक अधिकारीका अनुसार नारायणगोपाल चोकस्थित गाडी रोकिएका बेला कारबाट ओर्लिएर सडकमा हिंडिरहेका एक व्यक्तिलाई हातपात गरेका थिए । नारायणगोपाल चोकस्थित सडकखण्डमा बा३च ११०३ नं को निजी जिप चालकले सार्वजनिकस्थलमा पैदलयात्रीलाई हातपात तथा दुर्व्यव्यवहार गरेको भिडियो विभिन्न सामाजिक सञ्जालमा देखिएको थियो ।

पक्राउ परेका बमलाई मंगलबार नै काठमाडौं जिल्ला अदालतमा पेस गरिएकोमा अनुसन्धानका लागि सात दिनको म्याद थप भएको काठमाडौं प्रहरीका प्रवक्ता पवनकुमार भट्टराईले जानकारी दिए ।

# काठमाडौंका १२० उम्मेदवारले मात्र खोले बैंक खाता

**काठमाडौं (प्रस)–** संघीय राजधानी काठमाडौंकै आधा उम्मेदवारले हालसम्म बैंक खाता खोलेका छैनन् । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि काठमाडौंका १० निर्वाचन क्षेत्रमा गरी २५० जना उम्मेदवारले मनोनयन दर्ता गरे पनि मंगलबारसम्म १२० जनाले मात्र निर्वाचनलक्षित बैंक खाता खोलेको विवरण प्राप्त भएको काठमाडौंका निर्वाचन अधिकारी ठाकुरप्रसाद भट्टराईले जानकारी दिए ।

निर्वाचन आयोगले उम्मेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थाबाहेक अन्य माध्यमबाट खर्च गर्न, गराउन नहुने भनी राजनीतिक दललाई निर्देशन दिएको थियो । निर्वाचन आचारसंहितामै उक्त विषय उल्लेख गरिए पनि आधा उम्मेदवारले बैंक खाता खोलेका छैनन् ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले निर्वाचन प्रयोजनका लागि २५ हजार रूपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा वा खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट गर्नुपर्ने भनी आइतबार फेरि विज्ञप्तिमार्फत ध्यानाकर्षण गराइएको बताए ।

आयोगले आदेश दिएमा खर्चको बिल भरपाई तथा बैंक वा वित्तीय संस्थामा रहेको खाताको विवरण तथा सक्कल बिल भरपाई तथा बैंक वा वित्तीय संस्थाको खाताको विवरण पेस गर्नुपर्ने पनि उनले जानकारी दिए ।


## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर
## ZERO COST EMPLOYMENT TO MALAYSIA

कम्पनी : पर्सेताकान कोन्टा सेन्दिरियन बेरहाड
COMPANY: PERCETAKAN KONTA SENDIRIAN BERHAD
शहर : पेनाङ्ग City : Penang

| Pre Approval Date : 2026-02-17 | चलानी नं. ६०२५२६२५ | एल टि न. ३३९१२९ |
|---|---|---|
| पूर्व स्वीकृति मिति : २०८२/११/०५ | Invoice No. 60252625 | LT. No.339129 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/PO | 6 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1700 | ६३,३१० | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : फेडेरल प्याकेजेज एस. डिएन. बिएचडि
COMPANY: FEDERAL PACKAGES SDN BHD
शहर : पेनाङ्ग City : Penang

| Pre Approval Date : 2026-02-17 | चलानी नं. ६०२५२६२६ | एल टि न. ३३९१५३ |
|---|---|---|
| पूर्व स्वीकृति मिति : २०८२/११/०५ | Invoice No. 60252626 | LT. No.339153 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 28 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1700 | ६३,३१० | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

No Sub –Agents Policy: We request applicant not to use any sub-agents or mediators. This is a zero cost recruitment and does not require the applicants to pay any amount of fee or kind,including intermediations.

चादनी रिकुमेन्ट सिर्भिस सेन्टरको नाममा कुनै पनि व्यक्ति, एजेन्ट वा सहायक प्रतिनिधि प्रयोग नगर्नु हुन हामी अनुरोध गर्दछौं । यो शुन्य लागत अन्तर्गत रोजगारी हो । त्यस कारण निवेदकहरुले कुनै पनि प्रकारको शुल्क वा खर्च व्यहोर्नु पर्दैन । सबै प्रकारका खर्चहरु रोजगारदाताले व्यहोर्ने छ ।

| Medical Examination cost मेडिकल परिक्षण शुल्क | Visa fee (भिषा शुल्क) | Insurance Fee in Nepal & Malaysia नेपाल र मलेशियामा गरिने विमाशुल्क | Orientation अभिमुखिकरण शुल्क | Workers Welfare Fund कामदारको कल्याणकारी कोष शुल्क | Air Ticket Cost हवाइ टिकट शुल्क | Agency Service Fee सेवाशुल्क |
|---|---|---|---|---|---|---|
| ६५००/– रोजगारदाता (Employer) 6500/- | रोजगारदाता provided by employer | उमेर ३६ सम्म ३७०८/ उमेर ३६ भन्दा माथि ४९३१/– रोजगारदाता (Employer) 3708/4931/- | ७००/– रोजगारदाता (Employer) 700/- | १५००/– रोजगारदाता (Employer) 1500/- | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १३ गते (25th Feb. 2026) मा हुनेछ ।**

- This is a zero cost recruitment as per zero cost policy. All expenses are borne by the employer, so no fees need to be paid to manpower agency or any other person.

यो शुन्य लागत अन्तगत रोजगारी हो । यसमा सबै खर्चहरु रोजगारदाताले व्यहोने छ तसर्थ उम्मेदवारले कुनै पनि खर्च व्यहोनुपर्ने छैन ।

- Chadani doesn't have any branch offices or representatives.

चादनीको कुनै पनि शाखा वा सहायक प्रतिनिधिहरु छैनन् । कृपया रोजगारीको लागि चादनीको चन्डोल स्थित कार्यालयमा मात्र सम्पर्क गर्नुहोला ।

- Chadani doesn't use any recruitment intermediaries or sub agents.

चादनीले कुनै भर्ती मध्यस्थकर्ता वा उपएजेन्टहरु प्रयोग गर्दैन ।

- All recruitment will be done in a fair manner and there will be no discriminations against race, gender, caste, religion, sexual orientation, etc. and will be an equal opportunity employment.

सबै छनौट प्रकृया निश्पक्ष रुपमा गरिनेछ र कसैलाइ पनि वर्ग ,लिङ्ग, जाती, धर्म आदिका बारेमा कुनै पनि भेदभाव गरिने छैन । सबैलाई समान अवसर प्रदान गरिने छ ।

- No fee required, including cash, or kind (gold, jewelry, land, livestock, etc.).

कुनै पनि नगद वा जिन्सी सुन, गहना, जग्गा , जमिन पशु चौपाय लिइने छैन ।

For any grievances or reports regarding corruption. Illegal recruitments, false & misleading information's during any steps of the recruitment process, please contact us on independent helpline no 9802074015 or email us at help.chandanirecruitment@gmail.com, We will ensure your confidentiality.

कुनै पनि गुनासो वा प्रतिक्रिया छन भने (शुल्क मागेमा, अवैध एजेन्ट सम्पर्कमा आएमा, गलत तथा भ्रमात्मक सुचना दिएमा) कृपया हाम्रो ९८०२०७४०१५ वा chandanirecruitment@gmail.com मा सम्पर्क गर्नुहोला । यसरी दिएको जानकारी गोप्य रहनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np
1610/079/80


## Indrasarowar Rural Municipality
# Office of Municipal Executive
**Kulekhani, Makawanpur**

## Invitation for Bids

**Date of Publication: 2082/11/06 B.S (18/02/2026A.D)**

1. ***Indrasarowar Rural Municipality*** invites electronic bids from eligible bidders for the ***execution of below Mentioned works*** under National Competitive Bidding procedures.

| S.N | Identification no: | Work Description | Total amount Without VAT and Contingencies | Bid security amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|
| 1 | IRM/NCB/W-08/ BUILDING/2082/83 | Construction of Kalika Ma.Vi.Hostel Building (Ground Floor) | Rs. 61,48,304.82 | Rs.1,60,000.00 | Rs.3,000 |
| 2 | IRM/NCB/W-09/ BUILDING/2082/083 | Construction of Ramchandra Bhanjyang Health Centre Building | Rs.13,28.690.94 | Rs.40,000.00 | Rs.3,000 |
| 3 | IRM/NCB/W-10/ FOOTTRAIL/2082/083 | Construction of Foottrail From Bosidol to Jaleshwor Temple Up to Bhaleshwor | Rs.11,04,535.78 | Rs.30,000.00 | Rs.3,000 |

2. Information to deposit cost of bidding document and bid bond security in the bank.

| Office Name | Indrasarowar Rural Municipality | Remarks |
|---|---|---|
| Rajaswa A/C Name and No. For Bid Document Fee | Acc. Name: Ga 1.1 Antarik Rajaswa Khata (Indrasarowar Ga.Pa.) Acc. No. 35604010000008 | For Bid Document Fee |
| Dharauti A/C Name and No. | Ac. Name: Sthaniya Taha Dharauti Khata(Indrasarowar Ga Pa) Acc. No. 35604010000004 | For Bid Security Amount |
| Bank Name and Branch | Global IME Bank Limited, Indrasarowar Branch, Makawanpur | |

3. Information to submission of bid

| | |
|---|---|
| Last date and time of Bid Submission | 20/03/2026( 2082/12/06 B.S.) at 12:00 NOON |
| Date and Time Bid Opening | 20/03/2026( 2082/12/06 B.S.) at 14:00 PM |
| Office | Indrasarowar R.M., Kulekhani, Makawanpur |

4. Eligible Bidder may obtain further information and bidding documents electronically at the website of Public Procurement Monitoring Office E-Gp System: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

## पूर्वीचौकी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**सानागाउँ, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

# बोलपत्र स्वीकृति गर्ने आशयको तथा बोलपत्र आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८२/११/०५**

यस पूर्वीचौकी गाउँपालिका कार्यालय, डोटीबाट मिति २०८१/०९/०८ र मिति २०८२/१०/१२ गते सौर्य दैनिकमा प्रकाशित सूचना अनुसार तोकिएको मिति भित्र रितपूर्व दर्ता हुन आएका बोलपत्रदाताको बोलपत्र छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) को उपदफा (२) बमोजिम को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| ठेक्का न. | बिवरण | छनोट भएका बोलपत्रदाता | कबोल अंक रु. (पी.यस. तथा मु.अ.क.र VAT बाहेक) |
|---|---|---|---|
| SQ/PRM/DOTI/ 03/082/083 | Construction of public Toilet at saajgaht, shantinagar and shree nirbhushwori Aavi Khel Maidan Nirman Purbichauki Rm-1 Doti | K.L Construction Purbichauki RM 03 Doti | 11,46,651.00 |
| SQ/PRM/DOTI- 04/082/083 | Construction of Durga Bhawani Parkhal Tatha Gherbar Nirman Purbichauki RM 07 Doti | B.S Group Purbichauki 03 Doti | 8,52,312.00 |
| SQ/PRM/DOTI- 05/082/083 | Construction of Malika Mandir Bharad Ghar Purbichauki RM -o5 Doti | R.K Nirman sewa Mangasen -5 Achham | 7,12,371.00 |
| PRM/DOTI/R/ NCB-01-082/083 | Upgrading of Road Sukalimati-Jaumala-Gajada-Bagada-Pokhari-Salaena-Timurdaha Road Project | Jaylaxmi -Padmadevi Joint venture Koteli Amargadhi 08 Daddeldhura | 1,04,76,612.63 |

**1**. The Purbichauki Rural Municipality, Doti invites electronic seal Quatation from the Neplese eligible bidders for the following works

| S N | IFB No. | Description of Works | Bid Validity Period in Days/ Bid security Period in days | Estimated Amount (Without VAT) | Id Security Amount in (NRs) | Id Document Fee in (NRs) non refundable |
|---|---|---|---|---|---|---|
| 1. | SQ/PRM/ DOTI-06/ 082/083 | Procurment of the medicine at purbichauki Rural municipality | 45 days | 2160000 | 125000 | 1000 |
| 2 | SQ/PRM/ DOTI-07/ 082/083 | Procurment of the Sanitary Pad at Purbichauki Rm Doti | 45 days | 9,18,200.00 | 40000 | 1000 |

a. **Deadline for bid submission: 04-03- 2026 [2082/11/20] 12:00 PM**

b. **Date, time and place of bid Opening**: **04-03-2026 [2082/11/20], 1:00 PM,** Purbichauki Rural Municipality, Sanagaun, Doti.

c. **Account No. for bid document purchase:** Name of Bank: Global IME Bank Purbichauki Branch, Doti Name of Office: Purbichauki Rural Municipality, Doti. Office Code No.: 801077106 Office Account Number: 14304010000011

d. **Account No. for bid security deposit:** Account Name: Purbichauki Rural Municipality, Doti Bank Name Global IME Bank Purbichauki Branch, Doti **Dharauti Account Number: 14304010000004**

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Purbichauki Rural Municipality Sanagaun, Doti, karkirambahadur915@gmail.com, and facsimile numbers : 9852822675** [or may visit PPMO website www.bolpatra.gov.np.]

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# हारबाट निराश होइन, सुधारको प्रतिज्ञा गरौं

आइसिसी टी–२० विश्वकप खेल्न भारतको यात्रा तय गर्दा नेपालको लक्ष्य थियो, सुपर आठमा प्रवेश गर्ने। पछिल्लो समय निकै राम्रो लयमा रहेको नेपाली क्रिकेटले जारी विश्वकपमा चमत्कारिक खेल प्रस्तुत गर्ने अपेक्षा आम क्रिकेटप्रेमीहरूले गरेका थिए । खेलाडीहरू पनि आत्मविश्वासका साथ इतिहास रच्ने लक्ष्यमा अघि बढेको देखिन्थे। तर, नेपालका लागि समूह चरण पार गर्नु निकै चुनौती थियो। कारण, विश्वविजेता इंग्ल्याण्डसँगै वेस्टइण्डिज र स्कटल्याण्ड जस्ता बलिया टिम तथा तुलनात्मकरूपमा कमजोर ठानिएको इटली रहेको समूहमा थियो नेपाल।

भारतको मुम्बईस्थित वानखेडे स्टेडियममा पहिलो खेलमै विश्वविजेता इंग्ल्याण्डको सामना गर्नुपर्‍यो। उक्त खेलमा नेपालले उत्कृष्ट खेलेर आम क्रिकेटप्रेमीको मन जित्यो । इंग्ल्याण्डसँग मात्र चार रनको झिनो हार बेहोरेको नेपाली टोलीको चौतर्फी प्रशंसा पनि भयो। पहिलो खेल राम्रो खेलेर पनि हार बेहोरेपछि दोस्रोमा नतिजा नेपालको पक्षमा आउने अपेक्षा गरिएको थियो । एक त इटलीलाई कमजोर टिमको रूपमा आकलन थियो, अर्को पहिलो खेलमा गरेको प्रदर्शनले आत्मबल थप बढाएको थियो । समर्थकहरू पनि उत्साहित थिए । तर दोस्रो खेलमा नेपालले पूरै लय गुमाउनपुग्यो। परिणाम कमजोर मानिएको इटलीसँग पराजित भयो । त्यो हारले नेपाली क्रिकेट समर्थकहरूलाई फेरि निराश बनायो। खेलाडीहरू पनि हतोत्साही भएको देखिए।

तेस्रो खेलमा वेस्टइण्डिजविरुद्धको खेलमा पनि नतिजा सुखद आएन । नेपालले अपेक्षित प्रदर्शन सो खेलमा पनि गर्न सकेन । वेस्टइण्डिजसँग फराकिलो हार बेहोरेसँगै नेपाल प्रतियोगिताबाट बाहिरियो। र, सुपर आठमा पुग्ने सपना फेरि चकनाचुर भयो। मंगलबार साँझ वानखेडे स्टेडियममै अन्तिम खेल स्कटल्याण्डसँग खेल्दा भने पुनः लयमा फर्कँदै सान्त्वना जित निकालेको छ। स्कटल्याण्डलाई सात विकेटले हराउँदा नेपालले १४ वर्षपछि पहिलोपटक टि–२० विश्वकपमा जित निकाल्न सफल बन्यो। यसैमा खुसी मान्नुपर्ने भयो यो पटकको विश्वकप । दीपेन्द्रसिंह ऐरीको अर्धशतकीय योगदान यो जितमा महत्त्वपूर्ण बन्यो।

विश्वकप यात्रा सकेर स्वदेश फर्कँदै गर्दा नेपाली टोलीले पक्कै पनि पाठ सिकेर आएको हुनुपर्छ। अन्तिम खेलमा गरेको प्रदर्शनबाट पनि त्यो झल्किन्छ। अघिल्ला खेलका गल्तीहरू सुधारिएका छन्। अब भने नेपालले विश्वकपमा गरेका गल्तीहरूको समीक्षा गर्नैपर्छ। ती गल्तीहरूलाई सच्याउँदै अघि बढे आगामी यात्रामा राम्रो नतिजा प्राप्त हुने नै छ । अब हारबाट निराश हुने होइन, सुधारको अठोटसहित सम्पूर्ण खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकहरू अगाडि बढून्। यसमा राज्यको तर्फबाट आवश्यक सहयोग जरुरी छ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन।

# 'हाम्रो लक्ष्य जनताको जीवनमा उज्यालोपन, खुसी र समृद्धि ल्याउने हो'

मुलुक प्रतिनिधिसभा निर्वाचनमा होमिँदै गर्दा परम्परागत दलहरूलाई धक्का दिने लक्ष्यका साथ नयाँ राजनीतिक दलहरु चुनावी मैदानमा उत्रिएका छन् । पुराना दलहरूका कारण मुलुक राजनीतिक तथा आर्थिक संक्रमणमा गुज्रिएको नयाँ दलहरूको दाबी छ । त्यही कारण आगामी निर्वाचनबाट नयाँ दललाई जनताले सत्ताको चाबी सुम्पने अपेक्षा गरिएको छ । यसरी खोलिएका नयाँ दलहरूमध्येकै एक हो, उज्यालो नेपाल पार्टी । नेपाल विद्युत् प्राधिकरणको प्रमुख कार्यकारीको भूमिकामा रहँदा मुलुकलाई लोडसेडिङमुक्त गराउन नेतृत्वदायी भूमिका खेलेर 'उज्यालो नेपालका नायक'को परिचय बनाएका कुलमान घिसिङले नेतृत्व गरेको पार्टी हो, उज्यालो नेपाल ।

समृद्धि, सुशासन र सामाजिक न्यायलाई मुख्य नारा बनाएर यो पार्टीले आसन्न प्रतिनिधिसभा चुनावका लागि देशभरका अधिकांश निर्वाचन क्षेत्रहरूमा उम्मेदवार उठाएको छ । यही क्रममा उज्यालो नेपाल पार्टीले काठमाडौं क्षेत्र नम्बर ४ बाट **जेबी दीपक अधिकारी**लाई प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाएको छ । शिक्षा, खेलकुद तथा विभिन्न सामाजिक अभियानमा क्रियाशील अधिकारी यस क्षेत्रका जनतामाझ परिचित छन् । प्रस्तुत छ, चुनावी अभियानमा रहेका उनै अधिकारीसँग *प्रभाव*ले गरेको कुराकानीः



**जेबी दीपक अधिकारी**, उज्यालो नेपाल पार्टीबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार, काठमाडौं-४

**अहिले देश चुनावमा होमिएको छ, यो चुनावको आवश्यकता थियो त ?**

देश अहिले अत्यन्तै जटिल राजनीतिक, सामाजिक र आर्थिक अवस्थाबाट गुज्रिरहेको छ। सामान्य अवस्थामा निर्वाचन आवश्यक थिएन, तर पछिल्ला वर्षहरूमा बनेको राजनीतिक अस्थिरता, जनजीवनमा देखिएको कठिनाइ र भ्रष्टाचारको चरम अवस्थाले चुनाव अपरिहार्य बनायो। त्यसैले अहिलेको चुनाव समयले होइन, परिस्थितिले मागेको चुनाव हो। देशमा यस्तो अवस्था बन्यो कि ठूला दलहरू आपसमा मिलेर सत्ता जोगाउन लागे, तर जनताको दैनिकी पछाडि पर्‍यो। महँगी बढ्यो, भ्रष्टाचार चरम बिन्दुमा पुग्यो, जवाफदेहिता हराउँदै गयो। त्यसैले अब जनताले 'यसरी हुँदैन' भनेर हस्तक्षेप गर्नुपर्ने अवस्था आयो। जनताको दैनिकीसँग जोडिएका विषयहरूमा सरकार प्रभावकारी हुन नसक्दा निकास खोज्नुपर्ने अवस्था आयो।

**अब फागुन २१ को चुनावले देशलाई निकास देला त ?**

जेन-जी आन्दोलनपछि जति पनि अगाडि शासन गर्ने व्यक्तिलगायतका घरहरू जल्नेदेखि लिएर जुन भदौ २३ र २४ गतेको परिस्थितिले गर्दा पनि अहिले जनतामा उत्तरदायित्व हुनुपर्छ भन्ने पाठ सिकाएको छ। त्यसैले यस निर्वाचनमार्फत अहिलेको चुनावकै माध्यमबाट सक्षम संसद् निर्माण हुने अपेक्षा छ। संसद्ले आफ्नो भूमिका प्रभावकारीरूपमा निर्वाह गर्न सकेमा देशले निकास पाउन सक्छ। तर संसद् नै कमजोर भयो भने यो प्रणाली पनि कामचलाउमात्रै हुने खतरा रहन्छ। यद्यपि, विगतका आन्दोलनहरूले सत्तामा रहेका सबैलाई गहिरो पाठ सिकाएको छ भन्ने मेरो बुझाइ हो।

**पुराना दलका कारण देश बन्न सकेन भने पुरानालाई 'काउन्टर' दिन आएका नयाँ दलहरू एक हुन सकेनन्, चुनावबाट फेरि पुरानै दलको हातमा सत्ता जाने त होइन ?**

पुराना दलहरूलाई काउन्टर दिन आएका नयाँ शक्तिहरू आपसमा एक हुन नसक्दा परिस्थिति जटिल बन्नसक्छ। तर विषयवस्तु नमिल्दा छुट्टाछुट्टै जानु पनि कहिलेकाहीँ जनताको हितमै हुन सक्छ। सहकार्य आवश्यक छ, तर सिद्धान्त त्यागेर गरिएको तालमेलले पार्टीको अस्तित्वमै प्रश्न उठाउँछ। जनता सधैं केन्द्रमा हुनुपर्छ। परिस्थितिले कहिलेकाहीँ केही विषयवस्तु नमिलेका कारणले गर्दा छुट्टाछुट्टै जाँदा देश र जनताका लागि उपयोगी हुने र जनता केन्द्रित धेरै कार्य गर्न सकिने भएकाले एउटै पार्टी नभएता पनि विभिन्न सहकार्यका साथ अगाडि बढ्न सकिन्छ। जनताले परिस्थिति बुझेर नयाँ दललाई नै रोज्ने देखिन्छ।

**आफ्नो सिद्धान्त छाडेर सहकार्य गर्दा त पुरानै दलहरूको जस्तै मिलिजुली खाने मेलो भएन र ?**

त्यो प्राटिक्स (अभ्यास) हो, कुनै पनि मुलुकमा जनता नै सर्वेसर्वा रहन्छन्। त्यो प्राटिक्स हामीले नेपालमा पनि गर्दै छौं। त्यो प्राटिक्सलाई टेकेर जाँदा जनताको आश्यकताको मुद्दालाई सम्बोधन गर्न पाउँदा चुनावी तालमेल गरेर अगाडि बढ्न सकिन्छ। यदि नयाँ शक्ति लोभ, अहंकार र स्वार्थमा फुट्छ भने, तपाईंको भनाइ ठीक हो। तर फरक-फरक विचार भएका मान्छेहरू पनि जनताको मुद्दामा सहकार्य गर्न सक्छन् भने त्यो फुट होइन। सहकार्य भनेको सिद्धान्त छोड्नु होइन, जनताको समस्या समाधानका लागि साझा बाटो खोज्नु हो।

**जेन–जीको चाहना पुरानालाई भत्काउने र नयाँ ल्याउने थियो, तर तपाईंहरू छुट्टाछुट्टै पार्टी बनाएर लाग्दा झन पुरानालाई फाइदा पुग्ने र ?**

अहिले पुरानाको विषयलाई हेर्दा जनताको मानसिकता परिवर्तन भएको पाइन्छ। पहिलाको जस्तो एउटै ढिक्का नभई चेतना नै परिवर्तन भएको छ। आजको जनता पहिलेभन्दा धेरै सचेत र परिपक्व छन्। सामाजिक सञ्जालको प्रयोगले जनताले आफैं मूल्यांकन गर्न थालेका छन्। पहिले अत्यन्तै मजबुत देखिएका दलहरूको आधार कमजोर हुँदै गएको छ। जनताले अब आफ्नो निर्णय पुनरावलोकन गर्न थालेका छन् र उनीहरूको तर्क, प्रश्नहरू निकै गहिरा भएका छन्।

**तपाईंको पार्टी उज्यालो नेपाल रास्वपालगायत दलसँग एकता गरेर फेरि अलग्गियो। यस्तो अवस्थामा तपाईंको पार्टीलाई कसरी विश्वास गर्ने जनताले ?**

देशका लागि कसले राम्रो काम गरेको छ भन्ने कुरा जनताले दैनिक जीवनमै महसुस गर्छन्। पाँच मिनेट बत्ती जाँदा नै त्यसको असर देखिन्छ। १८ घण्टाको लोडसेडिङ अन्त्य हुनु,

"देशका लागि कसले राम्रो काम गरेको छ भन्ने कुरा जनताले दैनिक जीवनमै महसुस गर्छन् । पाँच मिनेट बत्ती जाँदा नै त्यसको असर देखिन्छ । १८ घण्टाको लोडसेडिङ अन्त्य हुनु, ग्यास अभावमा इन्डक्सन प्रयोग हुनु, यी सबै जनजीवनसँग प्रत्यक्ष जोडिएका परिवर्तन हुन् । त्यसैगरी देशलाई समृद्ध र शक्तिशाली बनाउने र देशमै रहने वातावरण कसले बनायो भन्ने महत्त्वपूर्ण हुन्छ । नयाँ दल त आउँछन्, जान्छन् । कसले काम गर्छ भन्नेचाहिँ जनताले चिन्नुपर्छ ।

काठमाडौं क्षेत्र नम्बर ४ मै जन्मिएको, हुर्किएको र स्थानीय जनतासँग निरन्तर जोडिएको म उम्मेदवार हुनु स्वाभाविक हो । शिक्षा, स्वास्थ्य, खेलकुद र वातावरणमा लामो समयदेखि क्रियाशील छु । विभिन्न संघसंस्थामा जोडिएर काम गरेको छु । विश्वभरि मौसम परिवर्तनको प्रभाव बढिरहेको सन्दर्भमा 'एक घर, एक बिरूवा'को अभियान लिएर यस क्षेत्रलाई हरियाली, सुन्दर नमूना क्षेत्र बनाउनका लाग्दै आएको हो । यी सबै अभियानमा लाग्दा यहाँका जनताका समस्या र चाहनालाई नजिकबाट बुझेको छु ।

जनताको दैनिकीसँग जोडिएका विषय र आर्थिक समृद्धिलाई एकसाथ अघि बढाउन सक्ने राजनीति नै आजको आवश्यकता हो । जनताको जीवनमा उज्यालोपन, खुसी र समृद्धि ल्याउन सक्ने नेतृत्व चाहिएको छ । त्यो नेतृत्व लिने पार्टी उज्यालो नेपाल पार्टी नै हो । हामीसँग त्यसको स्पष्ट योजना र लक्ष्य रहेको कुरा आम मतदाताहरूलाई विश्वास दिलाउन चाहन्छु ।

ग्यास अभावमा इन्डक्सन प्रयोग हुनु, यी सबै जनजीवनसँग प्रत्यक्ष जोडिएका परिवर्तन हुन्। त्यसैगरी देशलाई समृद्ध र शक्तिशाली बनाउने र देशमै रहने वातावरण कसले बनायो भन्ने महत्त्वपूर्ण हुन्छ। नयाँ दल त आउँछन्, जान्छन्। कसले काम गर्छ भन्नेचाहिँ जनताले चिन्नुपर्छ।

**तपाईंको पार्टी अध्यक्ष कुलमान घिसिङलाई जेन–जी सरकारमा विश्वास गरेर मन्त्री बनाइएकोमा आफैं पार्टी खोलेर चुनावमा होमिँदा उहाँमा पनि स्वार्थ देखियो नि ?**

कुलमानजी एउटा विषम् परिस्थितिमा जेन-जी र सरकारले विश्वास गरेको व्यक्ति हो। उहाँले तीन मन्त्रालय सम्हालेर काम गर्दा पनि केही समयमै 'मन्त्री होस् त कुलमानजस्तो' भन्ने वातावरण बनाउनुभएको छ। पाँच वर्षका लागि मन्त्री भए त अझ देशले फड्को मार्न सक्ने भएकाले उहाँ चुनावमा आउनुभएको हो। प्राविधिकरूपमा सफल व्यक्ति राजनीतिकरूपमा पनि योगदान दिन सक्छ भन्ने उदाहरण उहाँले दिँदै हुनुहुन्छ।

**उज्यालो नेपाल पार्टीलाई रास्वपामा विलय गराएर समानुपातिकतर्फको उम्मेदवारी नै गुमाउनुपर्‍यो नि ? यसबाट उहाँको नेतृत्व क्षमतामा कमजोरी देख्नुहुन्न ?**

जनताको विश्वास कुलमान देशको हिरो हो, जसले आफ्नो जीवनमा उहाँले जनताका लागि अफिसमा बस्दा पनि म कति बजे छिरे कति बजे निस्कनुपर्छ भनेर घडी नहेरी १८ घण्टा काम गर्नुभयो। अहिले पनि त्यही जोडिएको छ। म दिनको १८ घण्टा खटेर भए पनि जनतामा समृद्धि ल्याउनुपर्छ भनेर अगाडि बढ्नुभएको छ। उज्यालो नेपाल पार्टीले राम्रो सिट ल्याएर जनताले विश्वास गर्दा यो देशको प्रधानमन्त्री बन्न सक्ने र देशका लागि काम गर्न सक्ने योग्य हुनुहुन्छ। हामीले सोचेभन्दा पनि गज्जबको नतिजा दिन सक्ने व्यक्तित्व हुनुहुन्छ। उहाँले पार्टीको विषयमा पनि एउटा स्पष्टरूपमा उज्यालो नेपाल पार्टी अघि बढ्ने र पछि गएर चुनावी तालमेल गर्ने, सहकार्य गर्ने तर पार्टी गुमाउनेगरी कार्य नगर्ने भन्नुभएको छ। रास्वपासँग जे भयो, त्यसलाई पाठको रूपमा लिएर अगाडि बढेका छौं। यो उहाँको कमजोरी होइन, पार्टीको अस्तित्व विलय गराएर एकता गर्न अस्वीकार गरिएको हो। उज्यालो नेपाल पार्टी आफ्नै सिद्धान्तमा अगाडि बढेको छ, यो नै महत्त्वपूर्ण कुरा हो।

**तपाई काठमाडौं क्षेत्र नम्बर ४ बाट उम्मेदवार बन्नुभएको छ, तपाईंको उम्मेदवारी किन ?**

काठमाडौं क्षेत्र नम्बर ४ मै जन्मिएको, हुर्किएको र स्थानीय जनतासँग निरन्तर जोडिएको म उम्मेदवार हुनु स्वाभाविक हो। शिक्षा, स्वास्थ्य, खेलकुद र वातावरणमा लामो समयदेखि क्रियाशील छु। विभिन्न संघसंस्थामा जोडिएर काम गरेको छु। विश्वभरि मौसम परिवर्तनको प्रभाव बढिरहेको सन्दर्भमा 'एक घर, एक बिरुवा'को अभियान लिएर यस क्षेत्रलाई हरियाली, सुन्दर नमूना क्षेत्र बनाउनका लाग्दै आएको हो। यी सबै अभियानमा लाग्दा यहाँका जनताका समस्या र चाहनालाई नजिकबाट बुझेको छु। त्यही कारण यो क्षेत्रको जनतालाई सेवा गर्न सक्छु भन्ने दृढ विश्वास लिएर नै काठमाडौं क्षेत्र नम्बर ४ को उम्मेदवार बनेको हुँ। मलाई विश्वास छ, जनताले मेरो काम हेर्नुभएको छ, मलाई बुझ्नुभएको छ। पक्कै पनि मलाई जनताले चुन्नुहुने छ। म पनि क्षेत्र नम्बर ४ का जनताको चाहनाअनुरूप काम गर्न प्रतिबद्ध छु।

**यस क्षेत्रमा दिगो विकासका लागि प्रमुख योजनाहरू के–के बनाउनु भएको छ ?**

यो क्षेत्रमा बर्खा लागेसँगै खोला र बाढीले जनतामा डर, त्रास र हैरानी दिने गरेको अवस्था छ। खोलाको समस्या समाधान प्रमुख चुनौती हो। त्यसको समाधानका लागि अन्तर्राष्ट्रिय वैज्ञानिक अध्ययन र दीर्घकालीन योजना आवश्यक छ। त्यो नेपालका इन्जिनियरको अध्ययनले नपुगे अन्तर्राष्ट्रिय इन्जिनियर ल्याई खोलाको गहन अध्ययन गरेर सबैको चिन्ता हटाउन पहल गर्नेछु। प्रदूषणका कारण मास्क लगाएर हिँड्नुपर्ने अवस्था हटाउन वातावरणीय सुधार अपरिहार्य छ। सुरक्षित र प्रविधियुक्त सार्वजनिक यातायात व्यवस्था गर्ने, खेलकुदका लागि प्रत्येक वडामा पूर्वाधार निर्माण गरिनुपर्छ। त्यसका लागि पहल गर्छु। त्यसबाहेक अन्य विभिन्न पूर्वाधारहरूको विकासमा दीर्घकालीन योजनाहरू अगाडि बढाउने सोच रहेको छ।

**अन्त्यमा, मुलुकको राजनीति, पुराना नेतृत्वको कमजोरी र अबको नेतृत्वले के कुरामा ध्यान दिनुपर्ने विषयमा तपाईंको धारणा के छ ?**

कुनै पनि व्यक्तिले बीचमै जिम्मेवारी छाड्नु जनविश्वासका दृष्टिले गम्भीर विषय हो। पाँच वर्षसम्म निरन्तर काम गर्न पाउने हो भनेमात्रै दीर्घकालीन योजना सफल हुन्छ। जिम्मेवारी पूरा नगर्ने व्यक्तिले भविष्यमा अझ ठूलो जिम्मेवारी कसरी पूरा गर्छ भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। हाम्रा धेरै नेताहरू भाषणमा बलिया छन् तर व्यवहारमा कमजोर छन्। ठोस योजना, बुँदागत कार्यक्रम र कामको निरन्तरताको अभाव छ। जमिनमा पुग्दा काम नदेखिनु नै हाम्रो राजनीतिक संस्कृतिको ठूलो कमजोरी हो।

दल धेरै हुनु ठूलो कुरा होइन। जनताको दैनिकीसँग जोडिएका विषय र आर्थिक समृद्धिलाई एकसाथ अघि बढाउन सक्ने राजनीति नै आजको आवश्यकता हो। जनताको जीवनमा उज्यालोपन, खुसी र समृद्धि ल्याउन सक्ने नेतृत्व चाहिएको छ। त्यो नेतृत्व लिने पार्टी उज्यालो नेपाल पार्टी नै हो। हामीसँग त्यसको स्पष्ट योजना र लक्ष्य रहेको कुरा आम मतदाताहरूलाई विश्वास दिलाउन चाहन्छु।

झापा-१ का मतदाता भन्छन्

# हात्तीको कहरबाट जोगाउनेलाई मत

**झापा–** मेचीनगर-१ तिरिङकी सविता पुरी चुनाव नजिकिए पनि खेतमा पाकेको तोरीबाली भित्र्याउन व्यस्त छिन् । अन्य बाली हात्तीले सखाप पारिदिने भएपछि विकल्पका रूपमा उनले तोरीबाली रोजेकी हुन् । हात्तीले नखाने भएकाले गाउँका पाखोबारीमा अचेल अन्नभन्दा बढी तोरी झुल्न थालेका उनको भनाइ छ ।

भारतसँग सीमा जोडिएको तिरिङमात्र होइन, मेचीनगर-१, २, ३ र ४ सम्म फैलिएको सिंगो बाहुनडाँगीका स्थानीयको चार दशकदेखि साझा चासो र प्रश्न एउटै छ, 'जंगली हात्तीबाट जिउज्यान र बाली कसरी जोगाउने ?' अन्नबाली, फलफूल र तरकारी जोगाउन नसकेर सास्ती पाएका यहाँका बासिन्दाका लागि तोरीखेती हात्तीबाट जोगाउन सकिने वैकल्पिक कृषिकर्म बनेको छ ।

अन्यत्रझैं झापा निर्वाचन क्षेत्र नम्बर १ मा पनि आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि उम्मेदवार आश्वासनको झोला बोकेर घरदैलोमा पुग्न थालिसकेका छन् । मेचीनगरको १, २, ३ र ४ नं वडा संघीयता आउनुअघि साविक बाहुनडाँगी गाविसको अंग थिए । यहाँका २२ हजारभन्दा बढी मतदाता अहिले हात्तीको त्रासबाट जसले समाधान दिन्छ उसैलाई मत दिने भनेर साझा अभिमत व्यक्त गरिरहेका छन् ।

'अहिलेसम्म एक जना उम्मेदवारमात्र आउनुभएको छ, अरू पनि आउनुहोला,' तोरीको थुप्रो पन्छाउँदै स्थानीय पुरीले भनिन्, 'हामीलाई जसले हात्तीको त्रासबाट मुक्त गराउने विश्वाससहित योजना दिन्छ, यसपालिको भोट उसैलाई दिनेछौं ।'

पटक-पटकका निर्वाचनमा उम्मेदवार फेरिए, सरकार फेरियो, तर बाहुनडाँगीको नियति नफेरिएको स्थानीयवासीको गुनासो छ । भारतबाट मेची नदी तरेर आउने हात्तीलाई रोक्न सरकारले करोडौं खर्चेर विद्युतीय तारबार लगाएको छ । तर, स्थानीयका अनुसार ती तारबार अहिले 'हात्तीका लागि खेलौना' जस्तै भएका छन् । हात्तीले तारबार भत्काउने र नाघेर गाउँ पस्ने क्रम रोकिएको छैन ।

कक्षा १२ मा अध्ययनरत युवा मतदाता प्रवेश पुरीले देशमा धेरै परिवर्तन भए पनि गाउँमा हात्तीको समस्या उस्तै रहेको बताए । उनले यसपटक मत माग्न घरदैलोमा आउने हरेक उम्मेदवारसँग हात्तीको समस्या समाधानका लागि 'चित्तबुझ्दो र दीर्घकालीन' योजना के छ भनेर प्रश्न सोध्ने गरिएको बताए ।

झापा-१ मा राजनीतिक दलका १३ र स्वतन्त्र दुई गरी १५ जना उम्मेदवार चुनावी मैदानमा छन् । यहाँ कूल एक लाख ३१ हजार ६७ मतदाता छन्, जसमा १० हजार ६९२ नयाँ मतदाता थपिएका हुन् । मेचीनगरका १५ वटै वडा, बुद्धशान्तिका चार वटा र भद्रपुरका दुई वटा वडा समेटिएको यो क्षेत्रमा ४३ मतदानस्थल र १४५ मतदान केन्द्र तोकिएका छन् ।

झापा-१ को भूगोलमा हात्तीको त्रास नभएको कुनै गाउँ छैन । बाली नोक्सान नभएको कुनै वडा छैन र हात्तीको आक्रमणमा आफन्त नगुमाएको कुनै पालिका छैन । निर्वाचन नजिकिएसँगै नेताहरूले बाँड्ने 'आश्वासनको पोको' भन्दा 'कार्यान्वयनयोग्य समाधान'को पर्खाइमा यहाँका मतदाता रहेका पुरीले बताइन् । *रासस*

# गण्डकीका १४ हजारभन्दा बढी कर्मचारी निर्वाचनमा खटिने

**गण्डकी (प्रस)–** यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि गण्डकी प्रदेशमा १४ हजारभन्दा बढी कर्मचारी खटिने भएका छन् । प्रदेशका ११ जिल्लामा रहेका दुई हजार ३९६ मतदान केन्द्रमा छ जनाका दरले १४ हजार ३७६ जना कर्मचारी खटिने प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्रप्रसाद न्यौपानेले जानकारी दिए ।

एउटा मतदान केन्द्रमा एक/एक जना मतदान अधिकृत र सहायक मतदान अधिकृत, तीन जना सहायक कर्मचारी, एक जना कार्यालय सहयोगी र तीन जना स्वयंसेवक खटिने उनले बताए । जिल्लामा रहेका मुख्य निर्वाचन अधिकृतको कार्यालयमार्फत कर्मचारी व्यवस्थापनको काम भइरहेको छ । छनोट भएका मतदान अधिकृत, सहायक मतदान अधिकृतलगायत कर्मचारीलाई तालिम दिएर मतदानकेन्द्रमा पठाइने कार्यालयले जनाएको छ ।

गण्डकी प्रदेशका ११ वटै जिल्लामा गरी एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र रहेका छन् । प्रदेशमा १८ लाख ७० हजार ६५ मतदाता रहेका छन् । यहाँ सबैभन्दा बढी कास्कीमा तीन लाख आठ हजार ५७२ र सबैभन्दा कम मनाङमा सात हजार मतदाता रहेका छन् । स्याङजामा दुई लाख ४८ हजार ८१६, तनहुँमा दुई लाख ५४ हजार ३९७, नवलपुरमा दुई लाख ६८ हजार ५२६, गोखरामा दुई लाख २९ हजार ५८ र बागलुङमा एक लाख ९३ हजार १८१ मतदाता छन् ।

यस्तै, लमजुङमा एक लाख ३७ हजार १२४, पर्वतमा एक लाख २५ हजार ४६६, म्याग्दीमा ८६ हजार ३९७ र मुस्ताङमा ११ हजार ३३८ मतदाता रहेका छन् । प्रदेशका कूल मतदातामध्ये नौ लाख १४ हजार ५३५ पुरुष, महिला नौ लाख ५५ हजार ५१६ र अन्य १४ जना रहेका छन् ।

गण्डकी प्रदेशमा विसं २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा १६ लाख ६२ हजार २४६ मतदाता रहेका थिए । हालको चुनावमा दुई लाख सात हजार ८१९ नयाँ मतदाता थपिएका हुन् । गण्डकीमा १८ प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेका छन् ।

# मतदाता शिक्षाका लागि स्वयंसेवक घरदैलोमा

**कञ्चनपुर–** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी कञ्चनपुरका नौवटै स्थानीय तहमा सोमबारदेखि मतदाता शिक्षाका लागि स्वयंसेवकलाई घरदैलोमा परिचालन गरिएको छ । जिल्लाका तीनवटै निर्वाचन क्षेत्रका ९२ वटै वडामा स्वयंसेवक खटिएका हुन् ।

जिल्ला निर्वाचन कार्यालय कञ्चनपुरका सूचना अधिकारी भानबहादुर महराका अनुसार मतदाता शिक्षाका लागि बालविकास केन्द्रका सहजकर्तालाई जिम्मेवारी दिइएको छ । विगतका निर्वाचनमा मतदाता शिक्षामा संलग्न र अनुभवी सहजकर्तालाई नै प्राथमिकता दिएर छनोट गरी परिचालन गरिएको उनले जानकारी दिए ।

निर्वाचन कार्यालयले नौवटै स्थानीय तहमा एक/एक जना समन्वयकर्ताको व्यवस्था गरेको छ । उनीहरूमार्फत वडामा स्वयंसेवक परिचालन गर्ने व्यवस्था गरिएको छ । निर्वाचनमा बदर मतको संख्या घटाएर सदर मतको अनुपात बढाउने उद्देश्यले 'शून्य बदर मत' को लक्ष्य राखी यो अभियान सञ्चालन गरिएको सूचना अधिकारी महराले बताए ।

घरदैलोमा पुग्ने स्वयंसेवकले नमुना मतपत्रको प्रयोग गरी मत संकेत गर्ने सही तरिका, मतपत्र पटचाउने विधि र गोप्य मतदानको महत्वबारे मतदातालाई प्रयोगात्मक जानकारी दिने छन् । विशेषगरी पहिलोपटक मतदान गर्न लागेका नयाँ युवा मतदातालाई यो अभियानले मतदान प्रक्रिया बुझ्न थप सहयोग पुग्ने विश्वास गरिएको छ । जिल्लाका तीनवटै निर्वाचन क्षेत्रमा तीन लाख १४ हजार ३८५ मतदाता छन् । *रासस*


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५१/१०/२५ मा दर्ता भएको **प्रा.लि. नं. १०११२७** को **पोखरा माउण्ट रिसोर्ट प्रा.लि.** को मिति २०८२/११/०१ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: एकराज पन्त, इजाजत पत्र नं. ४१४**
**ठेगाना :ठमेल, काठमाडौं, फोन नं. ९८५१०२७६६०**



## कतारमा रोजगार

कम्पनी : NEW STATE SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०१/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०५ | LT. No. 322467 | चलानी नं. ६०२३६५७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 4 | 0 | 1400 | ५५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Messenger/Reporter | 1 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 3 | Ceramic Worker | 1 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 4 | Carpenter | 1 | 0 | 1100 | ४३,७६० | | | | | | | |

कम्पनी : RANMAL CONTRACTS GROUP

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०५ | LT. No. 333651 | चलानी नं. ६०२४७३५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Mason | 1 | 0 | 1100 | ४३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Mason | 2 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 3 | Brick Mason | 7 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 4 | Building Worker/mason | 2 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 5 | Carpenter | 2 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 6 | Electric | 5 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 7 | Electric Tech | 3 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 8 | Mason | 3 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 9 | Mason. | 1 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 10 | Painter | 9 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 11 | Pipe Fitter | 4 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 12 | Pipe Fitter | 2 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 13 | Pipefitter | 1 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 14 | Plaster Worker | 9 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 15 | Plaster Worker (Plaster Mason) | 1 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 16 | Plumber | 1 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 17 | Plumber | 4 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 18 | Plumber Assistant | 1 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 19 | Receptionist | 1 | 0 | 2200 | ८७,५२५ | | | | | | | |
| 20 | Reinforc Fitter | 4 | 0 | 1100 | ४३,७६० | | | | | | | |
| 21 | Tile Maker | 6 | 0 | 1100 | ४३,७६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १३ गते (25th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



## युएईमा रोजगार

कम्पनी : UMESH PRASAD TECH CONT

पूर्व स्वीकृति मिति : २०८२/११/०५ | LT. No. 339191 | चलानी नं. ६०२५२६४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1500 | ५९,३०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Painter | 10 | 0 | 1500 | ५९,३०८ | | | | | | | |
| 3 | Tile Layer | 10 | 0 | 1500 | ५९,३०८ | | | | | | | |

कम्पनी : MANARAT ALNEJOUM TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८२/११/०५ | LT. No. 339192 | चलानी नं. ६०२५२६४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Mechanic Asst. | 3 | 0 | 1300 | ५१,४०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician | 3 | 0 | 1500 | ५९,३०८ | | | | | | | |
| 3 | Insulation Worker | 3 | 0 | 1500 | ५९,३०८ | | | | | | | |
| 4 | Plaster | 2 | 0 | 1500 | ५९,३०८ | | | | | | | |
| 5 | Plumber.. | 4 | 0 | 1500 | ५९,३०८ | | | | | | | |
| 6 | Stone Carver | 2 | 0 | 1500 | ५९,३०८ | | | | | | | |
| 7 | Tile Layer. | 3 | 0 | 1500 | ५९,३०८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १३ गते (25th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC No. 1476/074/75

NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920,
Mob: 9801076290, E-mail : nepallifera1476.2017@gmail.com

## मलेसियामा रोजगार

कम्पनी : D MARD SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/०४ | LT. No. 339073 | चलानी नं. ६०२५२६०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 0 | 1700 | ६३,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १३ गते (25th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

## साउदीमा रोजगार

कम्पनी : HAMOUD ABDULRAHMAN AL-HAMOUD EST.

पूर्व स्वीकृति मिति : २०८२/१०/२० | LT. No. 337878 | चलानी नं. ६०२५१७२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Helper | 2 | 0 | 1000 | ३८,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १३ गते (25th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम ईजाजत नं. ५०१/०६१/०६२

## कतारमा रोजगार

कम्पनी : BHP GLOBAL TRADING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/११/०५ | LT. No. 339200 | चलानी नं. ६०२५२६०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Cleaning Labor | 0 | 10 | 1000 | ३९,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner Public | 10 | 0 | 1000 | ३९,७८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १३ गते (25th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License No. 1016/068/69

RADIANT OVERSEAS PVT. LTD.
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,
E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np



Sudurpaschim Province Government

Ministry of Social Development

## Province Public Health Laboratory

**Dhangadhi, Kailali, Nepal**

**Date of publication:- 2082/11/06(2026-02-18)**

**Invitation for Bids No :- PPHLSPP/G/NCB-01/2082-083**

1. The **Province Public Health Laboratory** invites **NCB Electronic** bids from eligible bidders for the procurement, Supply and Delivery PCR Kits, Extraction Kits,VTM with Swab and other consumables for HPV DNA PCR Test under National competitive bidding – Single-Stage: Single Envelope Bidding Procedure.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the **Province Public Health Laboratory**, Tel: 9858483077, Email: provincelaboratory07@gmail.com , Website: www.pphl.sudurpashchim.gov.np or may visit PPMO egp system www.bolpatra.gov.np/egp
3. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of **Province Public Health Laboratory,Sudurpaschim Province, Dhangadhi, Nepal,** on or before **12:00 (Noon)** on **2082/12/06(2026-03-20)** Bids shall be opened in the presence of Bidders representatives who choose to attend on **2.00 PM** on **2082/12/06(2026-03-20)** at office of **Province Public Health Laboratory, Sudurpaschim Province, Dhangadhi, Nepal.**
4. Interested bidders shall register in the **e-GP system** and deposit the cost of bidding document in the following bank.
   **Name of Bank :- Rastriya Banijya Bank**
   **Name of the Office :- Province treasury Controller Office**
   **Office Code No :- 3500777017**
   **Office Account No :- 1000100200010000**
   **Revenue Head No :- 14229**
5. Pre-bid meeting shall be held at Province Public Health Laboratory **Sudurpaschim Province, Dhangadhi, Nepal** Date in **2082-11-25(March 09,2026), Times:-12.00 PM (Noon).**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission
7. In the case of discrepancies or error in bid documents, bid notice or any other document, purchaser reserve the right to amend and correct at any time.

**Details**

| S. N. | Contract Identification No | Description of Items | Estimate Amount (NRs) (Excluding VAT) | Cost of Bidding document (NRs) | Account No. | Amount of Bid security (NRs) | Bid Validity | Bid Security Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | PPHLSPP/ G/NCB-01/ 2082-083 | The procurement, Supply and Delivery PCR Kits, Extraction Kits,VTM with Swab and other consumables for HPV DNA PCR Test | 6289950 | 3,000.00 | 417010020202030000 | 1,78,000.00 | 90 | 2083/04/01 (2026-07-17) 120 days after bid opening |

**Act.director**
**Province Public Health Laboratory**

# प्रभाव दैनिक

बुधबार, ०६ फागुन २०८२ (Wednesday, 18 February 2026)


**रूपशाला**

### 'मनचरी'मा प्रभात र जुनाको केमेस्ट्री

गायक बिन्ती कुमार गुरूङको गीत 'मनचरी' सार्वजनिक गरिएको छ । लेखु सहयात्रीको शब्द तथा सङ्गीत रहेको गीतमा बिन्ती कुमारलाई गायिका सदीक्षा कट्टेलले स्वरमा साथमा दिएकी छन् । एक प्रेमील जोडीको रोमान्टिक प्रेमकथा समेटिएको गीतमा विषम आचार्यको एरेन्ज छ । गीतको भिडियोमा प्रभात पाल ठकुरी र जुना विश्वकर्माको अभिनय छ । भिडियोको निर्देशन शान थापाले गरेका हुन् । दिनेश पराजुलीको छायांकन रहेको गीतमा विवेक सुनारको सम्पादन तथा मिलन विश्वकर्माको कलर रहेको गीतको कोरियोग्राफी रोशन विश्वकर्माले गरेका हुन् । भिडियोको निर्माण जष्मिन क्रियसनले गरेको हो ।



# केकी र आर्यनको रोजाइको ब्युटी स्टुडियो भैंसेपाटीमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र क्षेत्रमा दुई दशकभन्दा बढी समयदेखि हेयर स्टाइलिङ र सौन्दर्य सेवामा सक्रिय लक्ष्मी ठाकुरले आफ्नो प्रतिष्ठित संस्था 'लक्ष्मी हेयर एन्ड ब्युटी स्टुडियो'को पाँचौं शाखा ललितपुरको भैंसेपाटीमा विस्तार गरेका छन्। बिहीबार आयोजित विशेष समारोहबीच अभिनेता आर्यन सिग्देल, अनुप विक्रम शाही र अभिनेत्री केकी अधिकारीले संयुक्त रूपमा रिबन काटेर नयाँ आउटलेटको औपचारिक उद्घाटन गरे ।




कार्यक्रममा स्वागत मन्तव्य राख्दै 'लक्ष्मी हेयर एन्ड ब्युटी स्टुडियो'का अध्यक्ष तथा प्रमुख हेयर स्टाइलिस्ट लक्ष्मी ठाकुरले दुई दशक लामो संघर्षपछि यो सफलता हासिल गरेको बताए । उनले तीन वर्ष बलिउडको मुम्बईमा काम गरेको अनुभव सुनाउँदै त्यहाँ सलुन सञ्चालन गर्ने तयारी भए पनि पारिवारिक आग्रहमा नेपाल फर्केर काठमाडौंमा व्यवसाय सुरु गरेको जानकारी दिए ।

हालसम्म विभिन्न स्थानमा शाखा विस्तार गरिसकेका ठाकुरले निकट भविष्यमा टंगालको भाटभटेनीमा अर्को आउटलेट सञ्चालन गर्ने योजना रहेको पनि जानकारी दिए। उद्घाटनको अवसर पारेर नयाँ शाखामा उपलब्ध सम्पूर्ण सेवामा विशेष छुटको व्यवस्था गरिएको उनले बताए । उद्घाटन समारोहमा चलचित्रकर्मी, सौन्दर्यकर्मी तथा स्थानीय व्यवसायीहरूको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रमलाई उत्साहपूर्ण वातावरणमा सम्पन्न गर्दै कलाकारहरूले लक्ष्मी ठाकुरको व्यवसायिक यात्राको प्रशंसा गरे । सो अवसरमा अभिनेता अनुप विक्रम शाहीलाई बलिउड फिल्म 'ब्याटल अफ गलवान'को बाँकी छायांकनका लागि मुम्बई प्रस्थान गर्नुपर्ने भएकाले आर्यन, केकी र लक्ष्मीले फूलगुच्छासहित शुभकामना दिँदै बिदाइ गरे ।

मुम्बई यात्रा अघि बोल्दै अभिनेता अनुप विक्रम शाहीले 'लक्ष्मी हेयर एन्ड ब्युटी स्टुडियो'सँग आफ्नो लामो सम्बन्ध रहेको उल्लेख गरे । 'म यसअघि अन्य शाखामा गएर सेवा लिँदै आएको थिएँ। अब मेरो घर नजिकै नयाँ शाखा खुलेपछि सेवा लिन अझ सहज भएको छ,' उनले भने ।

अभिनेता आर्यन सिग्देलले पनि आफूले महाराजगन्ज, पुलचोक, कलंकीको भाटभटेनी र कमलादीको स्काई वाक शाखाबाट नियमित रूपमा सेवा लिँदै आएको जानकारी दिए । उनले भैंसेपाटी शाखाले पनि स्थानीय ग्राहकको मन जित्ने विश्वास व्यक्त गरे । 'मेरो हेयर स्टाइल लक्ष्मी ठाकुरले करिब १५ वर्षदेखि बनाउँदै आउनुभएको छ। सेवा मात्र होइन, उहाँबाट मैले निरन्तर परामर्श पनि लिँदै आएको छु,' आर्यनले भने ।

अभिनेत्री केकी अधिकारीले कमलादीस्थित स्काई वाक शाखामा आफूले नियमित सेवा र परामर्श लिँदै आएको उल्लेख गर्दै नयाँ शाखाको सफलताका लागि शुभकामना व्यक्त गरिन् । उनले नेपाली चलचित्र क्षेत्रमा हेयर स्टाइलको विकास र परिवर्तनमा लक्ष्मी ठाकुरको उल्लेखनीय योगदान रहेको बताइन् । 'चलचित्रको चरित्र निर्माणमा हेयर स्टाइलले महत्वपूर्ण भूमिका खेल्छ, र त्यसमा लक्ष्मीजीको योगदान ठूलो छ,' उनले भनिन् । भैंसेपाटी क्षेत्रको तीव्र शहरीकरणसँगै सौन्दर्य सेवाको माग बढ्दै गइरहेको सन्दर्भमा 'लक्ष्मी हेयर एन्ड ब्युटी स्टुडियो'को नयाँ शाखाले गुणस्तरीय सेवा प्रदान गर्दै स्थानीय ग्राहकलाई सहज र व्यावसायिक सुविधा उपलब्ध गराउने विश्वास आयोजकले व्यक्त गरेका छन् ।

## रंगशाला

**टी-२० विश्वकप क्रिकेट**

# विश्वकपमा नेपालको सान्त्वना जित

■ प्रभाव संवाददाता

**काठमाडौं –** दीपेन्द्रसिं ऐरीको उत्कृष्ट ब्याटिङ र सोमपाल कामीको उत्कृष्ट बलिङका मद्दततले विश्वकपबाट बाहिरिइसकेको नेपालले अन्तिम खेलमा ७ विकेटको शानदार जित हात पारेको छ । मंगलबार अन्तिम खेल स्कटल्याण्डसँग खेलेको नेपालका लागि सोमपाल कामीले ३ विकेट हात पार्दै स्कटल्याण्ड १७० रनमा रोकिएपछि नेपालले १७१ रनको लक्ष्य पाएको थियो ।

उक्त लक्ष्यसहित मैदानमा उत्रिएको नेपालका लागि कुशल भुर्तेल र आशिफ शेखले उत्कृष्ट सुरुवात दिलाउँदै जितको आधार खडा गरेका थिए । पहिलो विकेटका लागि ७४ रनको साझेदारी गरेका थिए । नेपालको ७४ रन हुँदा भुर्तेल ४३ रनमा आउट भए । उनी आउट भएपछि नेपालको पारी लड्खडायो । नेपालले ८७ रन बनाउँदा आशिफ शेख पनि ३३ रनमा आउट भए भने ९८ रन हुँदा कप्तान रोहित पौडेल व्यक्तिगत १६ रन बनाउँदै आउट भए । उनीहरू तिनैजनाको विकेट मिचेल लिस्कले लिएका थिए ।




नेपालका लागि दीपेन्द्र सिंह ऐरीले विस्फोटक ५० रनको पारी खेल्दै जित दिलाए । त्यस्तै नेपालका लागि गुल्सन झाले २४ रन बनाएका थिए । उनले चौका प्रहार गर्दै नेपाललाई जित दिलाएका थिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको स्कटल्याण्डले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १७० रनको योगफल बनाएको थियो । स्कटल्याण्डका लागि ओपनर माइकल जोन्सले अर्धशतक प्रहार गरे । उनले ४५ बलमा आठ चौका र तीन छक्काको सहयोगमा ७१ रनको योगदान दिए ।

त्यस्तै, जर्ज मुन्सेले २७ र ब्राण्डन म्याकमुलेनले २५ रन जोडे । बलिङतर्फ नेपालका सोमपाल कामीले तीन विकेट लिए भने नन्दन यादवले २ विकेट लिए ।

त्यस्तै रोहित पौडेल र कुशल भुर्तेलले समान एक/एक विकेट झारे । नेपालका लागि सन्दीप लामिछाने र दीपेन्द्र सिं ऐरीले कुनै विकेट लिन सकेनन् । जारी विश्वकपमा नेपाल बलियो इंग्ल्याण्डसँग ४ रनको झिनो अन्तरले पराजित भएको थियो भने विश्वकपमा डेब्यू गरेको इटालीसँग १० विकेटले पराजित भएको थियो । त्यस्तै बलियो वेस्ट इन्डिजसँग भने नेपाल ९ विकेटले पराजित भएको थियो ।

### विश्वकपबाट अस्ट्रेलिया बाहिरियो

जिम्बाब्वे र आयरल्यान्डबीच श्रीलंकाको पाल्लेकेलेमा मंगलबार हुने तय भएको खेल वर्षाका कारण वासआउट भएपछि पूर्व च्याम्पियन अस्ट्रेलिया भारत र श्रीलंकामा जारी ट्वान्टी-२० विश्वकपको समूह चरणबाट बाहिरिएको छ । जिम्बाब्वे र आयरल्यान्डको खेल वासआउट भएपछि अस्ट्रेलिया रहेको समूह 'बी' बाट आयोजक श्रीलंका र जिम्बाब्वे सुपर ८ मा प्रवेश गरेका छन् ।

अस्ट्रेलिया सुपर ८ मा पुग्नका लागि मंगलबार जिम्बाब्वेलाई आयरल्यान्डले फराकिलो अन्तरमा हराउनुपर्ने थियो । त्यसका साथै आफूले पनि समूहको अन्तिम खेलमा ओमानमाथि त्यस्तै प्रभावशाली जित निकाल्नुपर्ने थियो ।

# उज्वेकिस्तानको आभा क्लब सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**कास्की–** पाहुना टोली उज्वेकिस्तानको आभा फुटबल क्लब पोखरामा जारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । पोखरा रंगशालामा मंगलबार भएको क्वाटरफाइनलको अन्तिम खेलमा प्लानिङ ब्वाइज युनाइटेडलाई १-० गोलले हराउँदै पाहुना टोलीले प्रतियोगिताको अन्तिम चारमा स्थान बनाउन सफल भयो ।

आभा क्लबले कठिन जित निकाल्ने क्रममा खेलको ५६ औं मिनेटमा 'खेलको प्लेयर अफ दी म्याच' घोषित उमिदजोन करिलोभ गरेको गोल निर्णायक बन्यो । डिबक्सभन्दा बाहिरबाट उनले गरेको सशक्त प्रहारले सिधै चाली चुमेको थियो । खेलमा प्लानिङले समेत गोलका केही सुन्दर मौका सिर्जना गरे पनि गोलमा परिणत गर्न सकेन ।



यससँगै प्रतियोगिताको सेमिफाइनल समिकरण पूरा भएको छ । प्रतियोगिताको पहिलो सेमिफाइनल खेलमा बुधबार आयोजक टोली सहारा क्बल पोखरा र मनाङ मर्स्याङदी क्लबले फाइनल प्रवेशका लागि प्रतिपस्पर्धा गर्नेछन् । यसैगरी पाहुना टोली आभा एफसीले दोस्रो सेमिफाइनलमा बिहीबार जावलाखेल युथ क्लबको सामना गर्नेछ ।

गत माघ २७ गतेदेखी सुरु भएको प्रतियोगिताको फाइनल खेल फागुन ९ गते शनिबार हुनेछ । प्रतियोगिताको च्याम्पियन टोलीले रु १४ लाख एक हजार सहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार पाउँदा उपविजेता टोलीले रु सात लाख एक हजार सहित ट्रफी र मेडल पुरस्कार पाउने आयोजक सहारा क्लब जनाएको छ । यसैगरी सर्वोत्कृष्ट खेलाडीले स्कुटर पुरस्कार पाउँदा अन्य पाँच विधामा उत्कृष्ट हुनेले जनही रु २५ हजार र ट्रफी पुरस्कार पाउनेछन् ।


**साउदीमा रोजगार** — कम्पनी : Salem Bin Mana Bin Mohammed Al Dhuwaien Contracting Est.

पूर्व स्वीकृति मिति : २०८२/११/०५ — LT. No. 337502 — चलानी नं. ६०२५२६३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 5 | 0 | 1000 | ३८,७१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १३ गते (25th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD — Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com

**कुवेतमा रोजगार** — कम्पनी : Automak Automotive Company K.S.C.C.

पूर्व स्वीकृति मिति : २०८२/११/०५ — LT. No. 339272 — चलानी नं. ६०२५६२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 20 | 0 | 180 | ८५,१५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | LIGHT DRIVER | 180 | 0 | 140 | ६६,२३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १३ गते (25th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

NEPAL HR SOLUTION PVT. LTD. — LIC No. 1082/073/74
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

**युएइमा रोजगार** — कम्पनी : SENSIBLE STAR CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/३० — पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०५ — LT. No. 329412 — चलानी नं. ६०२४३२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 3 | 0 | 1000 | ३९,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १३ गते (25th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Proficient Employment Services Pvt.Ltd — श्रम इजाजत नं. १५८२/०७९/८०
KMC-26, Town Planning, Samakhushi, KTM, Contact: 977-4970500/4970600

**कतारमा रोजगार** — कम्पनी : FIBERTIE PIPE FACTORY AND ACCESSORIES W.L.L

पूर्व स्वीकृति मिति : २०८२/११/०५ — LT. No. 339215 — चलानी नं. ६०२५२६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 20 | 0 | 1000 | ३९,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 30 | 0 | 1000 | ३९,७८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १३ गते (25th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
श्रम इजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

**साउदीमा रोजगार** — कम्पनी : AL MAWARID RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/११/०५ — LT. No. 339157 — चलानी नं.६०२५२६१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५८,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RUBBER FUTURE WASTE RECYCLING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/११/08 — LT. No. 339064 — चलानी नं.६०२५२६१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rubber Lamination Machine Operator | 1 | 0 | 2500 | ९६,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १३ गते (25th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

All Asia Overseas Pvt.Ltd — श्रम इजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

**मलेसियामा रोजगार** — कम्पनी : Z&Z FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०३ — पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०३ — LT. No. 331306 — चलानी नं. ६०२४६४३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 27 | 0 | 1700 | ६३,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १३ गते (25th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

**कतारमा रोजगार** — कम्पनी : SALWA RESORT

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ — पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०५ — LT. No. 317745 — चलानी नं. ६०२३२०३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 9 | 8 | 1500 | ५९,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hotel Services | 6 | 2 | 1600 | ६३,६५५ | | | | | | | |

कम्पनी : AL FARDAN HOTELS & RESORTS (St. REGIS HOTEL)

पूर्व स्वीकृति मिति : २०८२/११/०५ — LT. No. 339167 — चलानी नं. ६०२५२६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Staff | 35 | 31 | 1800 | ७१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १३ गते (25th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

BRIGHT STAR HUMAN RESOURCES PVT. LTD. — श्रम इजाजत नं. ७०३/०८४/८५
Tokha 07, Prayasnagar, Kathmandu, Nepal, Tel: 015910659, 015920659, Mob: 9851320507,9851037287
Email: cv.brightstar@gmail.com, info@brightstarhr.com / Web: brightstarhr.com



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**गोकर्णेश्वर नगरपालिका**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
**जोरपाटी, काठमाडौं**

### विद्यालयको स्थानान्तरण (ठाउँ सारी) सम्बन्धिको ३५ दिने दावी विरोध सम्बन्धी सूचना

जेनिथ इंगलिस सेकेन्डरी स्कुल (ZENITH ENGLISH SECONDARY SCHOOL), ZESS ले काठमाडौं महानगनरपालिका वडा नं.-१३ काठमाडौंबाट गोकर्णेश्वर नगरपालिका वडा नं.०५ काठमाडौंमा स्थानान्तरण (ठाउँ सारी) भई आउन अनुमति मागको निवेदन पेश गरेको हुनाले सो विद्यालयसँग सम्बन्धित कोहि कसैको दाबी विरोध भएमा यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस नगरपालिकाको शिक्षा, युवा तथा शाखामा स-प्रमाण दाबी पेश गर्ने सम्बन्धमा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयावधि भित्र स-प्रमाण दाबि विरोध पेश नभएमा नियमानुसार भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



दक्षिणपश्चिम चीनको सिजाङ स्वायत्त क्षेत्र ल्हासामा रहेको सिजाङ एकेडेमी अफ थांकामा नोर्बु सिदारका एक प्रशिक्षार्थीले थांका कोर्दै ।
*तस्बिरः सिन्ह्वा*

# सीमापार कार्बन भण्डारणमा मलेसिया–जापान सहकार्य



**बैंकक–** जलवायु परिवर्तन नियन्त्रणका उपायहरूमाथि विश्वव्यापी बहस चर्किरहेका बेला जापान र मलेसियाले सीमापार कार्बन क्याप्चर तथा भण्डारण परियोजना अघि बढाउने तयारी गरेका छन् । आलोचकहरूले प्रभावकारितामाथि प्रश्न उठाइरहे पनि दुवै देशले यसलाई उत्सर्जन व्यवस्थापनको नयाँ विकल्पका रूपमा प्रस्तुत गरेका छन् ।

योजनाअनुसार जापानले विद्युत् उत्पादन, तेल प्रशोधन, सिमेन्ट, ढुवानी र इस्पात उद्योगजस्ता आफ्ना औद्योगिक क्षेत्रहरूबाट निस्कने कार्बनडाइअक्साइड संग्रह गरेर तरलीकृत अवस्थामा मलेसिया पठाउने प्रस्ताव गरेको छ । उक्त कार्बन बोर्नियो टापुको सारावाक राज्य नजिकका समाप्त ग्यास क्षेत्रहरूमा भूमिगतरूपमा भण्डारण गरिने सम्भावना छ । यदि सफल भएमा यसले इण्डोनेसिया र थाइल्याण्डजस्ता अन्य दक्षिणपूर्व एसियाली राष्ट्रहरूमा यस्तै परियोजनाका लागि मार्गप्रशस्त गर्न सक्ने विज्ञहरूको भनाइ छ ।

कार्बन क्याप्चर प्रक्रिया प्रदूषणकारी स्रोतबाट सीधै उत्सर्जन संग्रह गर्ने, त्यसलाई तरलीकृत गरी विशेष जहाजमार्फत ढुवानी गर्ने र अन्ततः भूमिगत इन्जेक्सनमार्फत दीर्घकालीन भण्डारण गर्ने तीन चरणमा आधारित हुन्छ । इन्जेक्सनपछि चुहावट रोक्न दीर्घकालीन निगरानी आवश्यक हुन्छ । यद्यपि, विस्तृत प्राविधिक खाका अझै सार्वजनिक गरिएको छैन ।

केही सरकार र ऊर्जा कम्पनीहरूले यसलाई स्वच्छ ऊर्जातर्फको संक्रमणका लागि 'समय किन्ने' उपायका रूपमा व्याख्या गर्छन् । युरोपमा पनि सीमापार कार्बन ढुवानी र अपतटीय भण्डारण परियोजनाहरू परीक्षण भइरहेका छन् । तर अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले सन् २०५० सम्म कूल उत्सर्जन कटौतीमा यसको योगदान पाँच प्रतिशतभन्दा कम हुने अनुमान गरेको छ ।


मलेसियाले आफूलाई क्षेत्रीय कार्बन क्याप्चर केन्द्रका रूपमा उभ्याउने लक्ष्य राखेको छ । गत वर्ष यससम्बन्धी विधेयक पारित गरिएको थियो र अर्थ मन्त्रालयले ३० वर्षमा दुई खर्ब ५० अर्ब डलरसम्म आर्थिक लाभ हुन सक्ने आकलन गरेको जनाएको छ । सरकारी तेल तथा ग्यास कम्पनी पेट्रोनासले एक अर्ब १० करोड डलरको अपतटीय कार्बन भण्डारण सुविधा निर्माणको नेतृत्व गरिरहेको छ, जुन दशकको अन्त्यसम्म सञ्चालनमा ल्याउने लक्ष्य छ । यद्यपि, मलेसियाको करिब ८१ प्रतिशत बिजुली अझै जीवाश्म इन्धनबाट उत्पादन हुन्छ ।

विश्वका प्रमुख कार्बन उत्सर्जकमध्ये एक जापानले शुद्ध उत्सर्जन घटाउने योजनाअन्तर्गत नौ कार्बन भण्डारणस्थलमा लगानी गरिरहेको छ, जसमध्ये तीन मलेसियामा रहेका छन् । सन् २०३० सम्म ती स्थलहरूले वार्षिक दुई करोड टन कार्बन भण्डारण गर्ने अनुमान गरिएको छ, जुन जापानको वार्षिक उत्सर्जनको करिब दुई प्रतिशत हो । भण्डारण गरिएको कार्बनको प्रतिटन मलेसियालाई भुक्तानी गरिने छ र जापानले सो मात्रा आफ्ना कूल उत्सर्जनबाट घटाउन सक्ने छ ।

तर आलोचकहरूले यसलाई 'कार्बन उपनिवेशवाद'को संज्ञा दिएका छन् । फ्रेण्ड्स अफ द अर्थ जापानकी अयुमी फुकाकुसाले अन्य देशमा उत्सर्जन निर्यात गर्नु दिगो समाधान नभएको बताइन् । सेन्टर फर इन्टरनेसनल इन्भाइरोन्मेन्टल लका राचेल केनरलीले यस्तो योजनाले प्रदूषणको बोझ मलेसियातर्फ सार्ने र वास्तविक उत्सर्जन कटौती प्रयासलाई कमजोर पार्ने चेतावनी दिए ।

जलवायु संकटसँग जुध्न तत्काल उत्सर्जन घटाउने उपाय प्राथमिक हुनुपर्ने तर्क राख्नेहरूका अनुसार कार्बन क्याप्चर महँगो र अप्रमाणित विकल्प हो । तथापि, जापान र मलेसियाले यसलाई प्रविधिगत अवसर र आर्थिक सम्भावनाका रूपमा अघि बढाइरहेका छन् । सीमापार कार्बन भण्डारणको यो पहल सफल हुने वा थप विवाद जन्माउने भन्ने प्रश्न अब कार्यान्वयन चरणमा निर्भर रहने छ । *रासस⁄एपी*

# स्टकहोममा १७औं शताब्दीको जहाज पुनः सतहमा



**स्टकहोम–** बाल्टिक सागरको जलस्तर असामान्यरूपमा घटेपछि मध्य स्टकहोममा करिब ४०० वर्षदेखि पानीमुनि गाडिएको १७औं शताब्दीको स्विडेनी नौसैनिक जहाजको भग्नावशेष फेरि सतहमा देखापरेको छ । लामो समयसम्म लुकेको इतिहास एकाएक उजागर हुँदा समुद्री पुरातत्त्वविद्हरूले यसलाई महत्त्वपूर्ण खोजका रूपमा लिएका छन् ।

क्यास्टेलहोलमेन टापु आसपास पानीको सतह घटेसँगै जहाजको राम्रोसँग जोगिएको पतवारका काठका भागहरू फेब्रुअरीको सुरुदेखि नै बाहिर देखिन थालेका हुन् । ती काठका संरचनाले जहाजको कंकालजस्तै स्पष्ट रूपरेखा प्रस्तुत गरेका छन्, जसले १७औं शताब्दीको जहाज निर्माण प्रविधिबारे महत्त्वपूर्ण संकेत दिन सक्छ ।

स्टकहोमस्थित व्राक भग्नावशेष संग्रहालयका समुद्री पुरातत्त्वविद् जिम हचान्सोनले उक्त भग्नावशेष स्विडेनको नौसेनाले जानाजानी डुबाएको बताएका छन् । उनका अनुसार नौसैनिक सेवाबाट अवकाश पाएपछि सन् १६४० आसपास उक्त जहाजलाई क्यास्टेलहोलमेन टापुमा निर्माण गरिएको नयाँ पुलको जगका रूपमा प्रयोग गर्न डुबाइएको थियो ।

पुरातत्त्वविद्हरूले हालसम्म जहाजको ठोस पहिचान गर्न सकेका छैनन् । सो क्षेत्रमा पुल निर्माणका लागि एउटै पंक्तिमा डुबाइएका पाँचवटा समान भग्नावशेषमध्ये यो एउटा भएको विश्वास गरिएको छ । ती सबै १६औं शताब्दीको अन्त्यदेखि १७औं शताब्दीको सुरुतिरका मानिन्छन् ।

हचान्सोनका अनुसार त्यतिबेला नयाँ काठ प्रयोग गर्नुको सट्टा पूरै जहाजको हुललाई नै आधारका रूपमा प्रयोग गर्नु व्यावहारिक उपाय मानिन्थ्यो । 'ओक काठ अत्यन्त बलियो हुन्छ, त्यसैले पुलको जग बनाउन जहाजकै संरचना उपयोग गरिन्थ्यो,' उनले भने ।

उनले थप स्पष्ट पार्दै बाल्टिक क्षेत्रमा काठ नष्ट गर्ने समुद्री कीराहरू नहुने भएकाले त्यहाँ डुबाइएका काठका संरचना सयौं वर्षसम्म सुरक्षित रहन सक्ने बताए । यही कारणले ४०० वर्षपछि पनि जहाजका भागहरू राम्रो अवस्थामा देखिएको उनको भनाइ छ ।

यसअघि सन् २०१३ मा पनि जहाजका केही भाग सतहमा देखिएका थिए । तर यसपटक बाल्टिक सागरको जलस्तर झण्डै १०० वर्षयताकै सबैभन्दा न्यून बिन्दुमा पुगेपछि भग्नावशेष पहिलेभन्दा धेरै स्पष्टरूपमा देखिएको हो । हचान्सोनले उत्तरी क्षेत्रमा लामो समयदेखि उच्च वायुदबाव कायम रहँदा बाल्टिक सागरको पानी उत्तर सागर र एटलान्टिकतर्फ धकेलिएको जानकारी दिए । यही प्राकृतिक अवस्थाले जलस्तर घटाउन भूमिका खेलेको उनको विश्लेषण छ ।

बाल्टिक सागरको तल्लो भागमा रहेका स्विडेनी नौसैनिक जहाजका थुप्रै भग्नावशेष पहिचान गरी सही मिति निर्धारण गर्ने उद्देश्यले 'द लस्ट नेभी' नामक अनुसन्धान कार्यक्रम सञ्चालनमा रहेको छ । *रासस⁄एएफपी*

# एआई पूर्वाधारमा भारतको दुई खर्ब डलर रणनीतिक पहल



**नयाँदिल्ली–** आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को विश्वव्यापी प्रतिस्पर्धा तीव्र बन्दै गइरहेका बेला भारतले आफूलाई विश्वसनीय एआई साझेदारका रूपमा स्थापित गर्ने लक्ष्यसहित आगामी केही वर्षमा डेटा सेन्टर पूर्वाधारमा दुई खर्ब डलर लगानी भित्र्याउने महत्त्वाकांक्षी योजना अघि सारेको छ । यो पहलले भारतलाई केवल प्रविधि प्रयोगकर्तामात्र नभई, एआई सेवा र पूर्वाधारको प्रमुख प्रदायक बनाउने दिशामा उन्मुख गरेको छ ।

भारतका इलेक्ट्रोनिक्स तथा सूचना प्रविधिमन्त्री अश्विनी वैष्णवले एसोसिएटेड प्रेससँगको इमेल अन्तर्वार्तामा भारतलाई 'खुला, किफायती र विकास-केन्द्रित समाधान' खोज्ने ग्लोबल साउथ राष्ट्रहरूको भरोसायोग्य एआई साझेदारका रूपमा हेरिन थालेको बताए । नयाँदिल्लीमा यस साता आयोजित प्रमुख एआई इम्प्याक्ट समिटमा कम्तीमा २० विश्वनेताहरू तथा प्रविधि उद्योगका प्रतिनिधिहरूको सहभागिताले पनि भारतको बढ्दो भूमिकालाई संकेत गरेको उनले उल्लेख गरे ।

विश्वव्यापीस्तरमा एआईले रोजगारी, नियमन र कम्प्युटिङ शक्तिको केन्द्रीकरणजस्ता चुनौतीहरू निम्त्याइरहेका बेला भारतले पूर्वाधार निर्माणलाई आफ्नो रणनीतिको केन्द्रीय स्तम्भ बनाएको छ । वैष्णवका अनुसार सरकारले ३८ हजारभन्दा बढी ग्राफिक्स प्रोसेसिङ युनिट (जिपियू) सहितको साझा कम्प्युटिङ सुविधा सञ्चालनमा ल्याइसकेको छ । यसबाट स्टार्टअप, अनुसन्धानकर्ता र सार्वजनिक संस्थाहरूले उच्च लागतविना उन्नत कम्प्युटिङ पहुँच पाउन सक्ने छन् । 'एआई अनन्य हुनु हुँदैन, यो व्यापकरूपमा पहुँचयोग्य रहनुपर्छ,' उनले भने ।

सरकारले डेटा सेन्टर उद्योगलाई प्रोत्साहन गर्न दीर्घकालीन कर छुट घोषणा गरेको छ । यसले नीतिगत निश्चितता दिँदै विदेशी पुँजी आकर्षित गर्ने अपेक्षा गरिएको छ । हाल घोषणा गरिएका ठूला लगानीहरू पनि यही रणनीतिसँग जोडिएका छन् । गुगलले पाँच वर्षमा १५ अर्ब डलर लगानी गर्दै भारतमा आफ्नो पहिलो एआई हब स्थापना गर्ने योजना सार्वजनिक गरिसकेको छ । त्यसपछि माइक्रोसफ्टले चार वर्षमा १७ अर्ब ५० करोड डलर लगानी गर्दै क्लाउड र एआई पूर्वाधार विस्तार गर्ने घोषणा गरेको थियो । अमेजनलेसमेत २०३० सम्म ३५ अर्ब डलर लगानी गर्दै एआई-सञ्चालित डिजिटाइजेसनलाई प्राथमिकता दिने प्रतिबद्धता जनाएको छ । यी सबै प्रतिबद्धतालाई दुई खर्ब डलरको व्यापक लगानी पाइपलाइनको हिस्सा मानिएका छन् ।

पूर्वाधार विस्तारसँगै भारतले आफ्नै भाषाहरू र स्थानीय सन्दर्भमा प्रशिक्षित सार्वभौम आधारभूत एआई मोडेल विकासलाई पनि प्राथमिकता दिएको छ । केही मोडेलले विश्वस्तरीय मापदण्ड पूरा गर्दै ठूला भाषा मोडेलहरूसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्था पुगेको वैष्णवले बताए । उनका अनुसार भारतले आफूलाई केवल 'नियम निर्माता वा नियम पालक' को भूमिकामा सीमित नराखी, व्यावहारिक र सन्तुलित अन्तर्राष्ट्रिय मापदण्ड निर्माणमा सक्रिय सहभागी बन्ने लक्ष्य लिएको छ ।

सरकारले एआई मिसनमार्फत सार्वजनिक-निजी साझेदारीमा क्षेत्रविशेष समाधान विकासलाई अघि बढाइरहेको छ । एआईका कारण ह्वाइट-कलर र प्रविधि क्षेत्रका रोजगारी प्रभावित हुनसक्ने चिन्तालाई सम्बोधन गर्दै विश्वविद्यालय, सीप कार्यक्रम र अनलाइन प्लेटफर्ममार्फत एआई-तयार जनशक्ति निर्माणमा जोड दिइएको छ । देशभर विस्तार भएको फाइभ जी सञ्जाल र युवा, प्रविधिमैत्री जनसंख्यालाई एआई अपनाउने प्रक्रियाको बलियो आधारका रूपमा लिइएको छ ।

तर एआई शासन, स्वास्थ्य र वित्तजस्ता संवेदनशील क्षेत्रमा विस्तार हुँदै जाँदा सुरक्षात्मक मापदण्ड आवश्यक हुने चुनौती पनि उस्तै छ । वैष्णवले कार्यान्वयनयोग्य विश्वव्यापी ढाँचा, विश्वसनीय पूर्वाधार, गलत सूचनाको नियमन र मानव तथा प्राविधिक क्षमता सुदृढीकरण समेटिएको चार-आयामी रणनीति प्रस्तुत गरेका छन् । 'एआईको भविष्य समावेशी, वितरणमुखी र विकास-केन्द्रित हुनुपर्छ,' उनले जोड दिए । *रासस⁄एपी*


## बेलौरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बेलौरी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८२/११/०६)**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
| --- | --- | --- | --- | --- |
| १. | Construction of Blacktop and Upgrading of road from Shiva temple to East Pipal Chautara Contract Identification: BELMUN/NCB/R/082/083-06 | Shree Jayajagannath Nirman Sewa Beldandi RM-2 Kanchanpur | रु ४९,९४,३६६/- | |

**प्रमुख प्रशासकीय अधिकृत**



**Government of Sudur Pashchim Province**
**Ministry of Social Development**
## Province Health Logistic Management Center
**Dhangadhi, Kailali, Nepal**

### Invitation for Electronic Bid

**Date of publication: 2082/11/06 (Feb 18, 2026)**

1. The Province Health Logistic Management Center Dhangadhi-01, Kailali invites electronic bids from eligible bidders Under National Competitive Bidding Single Stage Two Envelope Procedure specified in public procurement Act & Regulations as:

| IFB no:- | Description of Goods: | Bid Security | Bid Security Validity |
| --- | --- | --- | --- |
| PHLMCSP/G/NCB-15/082-083 | Procurement Supply & Delivery of Supportive Commodities for Nutrition. | Nrs 5,55,000/- (Five Lakh Fifty Five Thousand Only) | 2083/04/05 (July 21, 2026) or 120 days beyond the day of bid opening. |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp. For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com

**Acting Director**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०१९०० | प्रति तोला – ० | प्रति तोला – ४८८५ |



**खर्कमा चौरीगाई** | संखुवासभाको चैनपुर नगरपालिका-१ गुफापोखरीस्थित खर्कमा चौँरी गाई । चरन क्षेत्रमा घाँसको कमी, मौसम परिवर्तनजस्ता कारणले घुम्ती गोठमार्फत् चौँरी, याक पालन गर्नेहरू पछिल्लो समय क्रमशः घट्दै गएको छ । *तस्बिर : भवीन कार्की/रासस*

# राष्ट्रिय गौरवको आयोजना चाँडो सम्पन्न गर्न प्रधानमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले काठमाडौं-तराई/मधेस द्रुतमार्गको प्रस्थानविन्दु खोकनाको विवाद थाती राखेर वैकल्पिक योजनामा अघि बढ्न निर्देशन दिएकी छिन् ।

ललितपुरको खोकनामा धार्मिक-सांस्कृतिक सम्पदा तथा आस्थामा असर पर्ने भन्दै स्थानीय समुदायका तर्फबाट चासो व्यक्त भइरहेको सन्दर्भमा प्रधानमन्त्री कार्कीले मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा वैकल्पिक योजनामा अघि बढ्न निर्देशन दिएकी हुन् ।

यसअघि गत माघ १३ गते प्रधानमन्त्री कार्कीले निर्माणाधीन द्रुतमार्गको निरीक्षण भ्रमण पनि गरेकी थिइन् । त्यस क्रममा पनि उनले विकास निर्माणका काम गर्दा स्थानीयका सरोकारलाई गम्भीरतापूर्वक लिनुपर्ने बताएकी थिइन् । साथै सुरु विन्दु परिर्तन गरेर भए पनि राष्ट्रिय गौरवको यो आयोजना चाँडो सम्पन्न गर्नेतर्फ लाग्नुपर्ने उनको भनाइ थियो ।

प्रधानमन्त्री कार्कीले अर्थमन्त्री रामेश्वर खनाल, कानुनमन्त्री अनिलकुमार सिन्हा, भौतिक पूर्वाधार तथा यातायातमन्त्री



> विकास निर्माणका काममा अनावश्यक ढिलासुस्ती गर्नुहुँदैन । सकेसम्म विवादको समाधान गर्ने हो । तर विवाद भयो भने अनिश्चितकालसम्म त्यहीँ अल्झिएर हुँदैन । विकल्प खोजेर अघि बढ्नुपर्छ ।
>
> ■ **सुशीला कार्की**
> प्रधानमन्त्री

माधव चौलागाईं, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रकाशकुमार श्रेष्ठ, प्रधान सेनापति अशोकराज सिग्देलसहित द्रुतमार्ग आयोजनासँग सम्बन्धित अधिकारीहरू एवं सम्बन्धित मन्त्रालयका सचिवहरूलाई बोलाएर मंगलबार छलफल गरेकी थिइन् ।

यस क्रममा नेपाली सेनाका तर्फबाट आयोजनामा हालसम्म भएको प्रगति, समस्याहरू र सरकारसँग अपेक्षाका विषयमा ब्रिफिङ भएको थियो । सबै सम्बन्धित निकायका अधिकारीहरूलाई राखेर उनले विकास निर्माणका काममा अनावश्यक ढिलासुस्ती नगर्न र विवादमा अल्झिएर पनि नबस्न भनेकी छिन् ।

'विकास निर्माणका काममा अनावश्यक ढिलासुस्ती गर्नुहुँदैन । सकेसम्म विवादको समाधान गर्ने हो । तर विवाद भयो भने अनिश्चितकालसम्म त्यहीँ अल्झिएर हुँदैन । विकल्प खोजेर अघि बढ्नुपर्छ,' प्रधानमन्त्री कार्कीले भनिन्, 'अब विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) संशोधन गरौँ । सुरु विन्दु खोकना हुँदैन भने जहाँ कुरा मिल्छ, त्यहीँबाट प्रस्थानविन्दु कायम गरौँ । आयोजनाको काम जहाँसम्म सम्पन्न हुन्छ, त्यहाँसम्म भए पनि सञ्चालन गरौँ ।'

ठूलो लगानीको आयोजना अनिश्चितकालसम्म लम्बिँदै गएमा आर्थिक बोझ थेग्न गाह्रो पर्न सक्ने भएकाले पनि चाँडो सञ्चालन हुनेगरी निकास खोज्नुपर्ने उनको धारणा थियो । अब उनको निर्देशनबमोजिम खोकनाभन्दा ३.३ किलोमिटर तल फर्सिडोलमा टोल प्लाजा (शुल्क संकलन गृह) निर्माण गर्ने गरी डीपीआर संशोधन हुने भएको छ ।

# उत्पादन बढाउँदै सिंहदरबार वैद्यखाना

■ प्रभाव संवाददाता

**काठमाडौं–** सिंहदरबार वैद्यखाना फेरि लयमा फर्कन थालेको छ । विसं २०७७ देखि औषधि उत्पादनमा कमी आएकामा वैद्यखाना फेरि लयमा फर्कन थालेको हो ।

तीन वर्षदेखि कच्चापदार्थका लागि ठेक्का सम्झौता नहुँदा औषधि उत्पादन घटेकामा हाल औषधि उत्पादन बढाइएको वैद्यखाना विकास समितिका कार्यकारी निर्देशक प्रदीप केसीले जानकारी दिए ।

'केही समय समस्या भएको थियो, हाल उत्पादन वृद्धिमा ध्यान दिएर लागेका छौँ । उत्पादन वृद्धिसँगै कारोबारमा बढाइरहेका छौँ', उनले भने, 'हाल सरकारी औषधालयमा मात्र रु दुई करोड बराबरको औषधि माग आएको छ ।'

कुनै बेला आम्दानीभन्दा २३३ प्रतिशत बढी खर्च हुने वैद्यखाना साउनयता नाफामा गएको कार्यकारी निर्देशक केसीले जानकारी दिए । समयमा कच्चापदार्थको आपूर्ति नहुँदा औषधि उत्पादन ठप्प भइरहेकामा पछिल्लो समय आन्तरिक समस्या समाधान गरेर उत्पादन वृद्धि गर्न लागेको उनले बताए ।

विसं २०७७ मा १२ वटा मात्र औषधि उत्पादन गर्ने गरिएकामा हाल यहाँबाट ८६ प्रकारका औषधि उत्पादन भइरहेका छन् । तीमध्ये ३० वटा औषधि सरकारी औषधालयमा जाने गरेका छन् । 'हामीले कच्चापदार्थ आपूर्तिका लागि २०८० पुसमा ठेक्का सम्झौता भएको थियो, तर ठेकेदारले कच्चापदार्थ नल्याएपछि कालोसूचीमा राख्यौँ । विसं २०८१ वैशाख नयाँ ठेक्का सम्झौता गरेर सोही वर्षको साउनयता औषधि उत्पादन भइरहेको छ', कार्यकारी निर्देशक केसीले भने ।

वैद्यखाना निरन्तर घाटामा गएपछि सात महिनासम्म कर्मचारीले तलबसमेत नपाउने अवस्था आएको थियो । हाल नियमित औषधि उत्पादन भएर नाफामा गएपछि कर्मचारीले नियमित तलब पाइरहेका छन् ।

वैद्यखानाको औषधिलाई सबैले रुचाएका कारणले हाल माग बढिरहेको र हाल करिब रु चार करोड बराबरको औषधिको माग रहेको केसीले बताए । 'देशभरिबाट नै औषधिको माग बढिरहेको छ, तर हामीले मागअनुसार उत्पादन गर्न सकेका छैनौँ । त्यसैले हाल सरकारीबाहेक अन्यलाई औषधि दिन सकिएको छैन', उनले भने ।

कार्यकारी निर्देशक केसीले यस वर्षको अन्त्यसम्म ५० प्रतिशत सरकारी औषधालयमा औषधि पुर्याउने लक्ष्यसहित काम भइरहेको जानकारी दिए ।

# नेप्सेमा २० अंकको गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अंकले घटेको छ । मंगलबार नेप्से परिसूचक २० दशमलव ७५ अंकले घटेर दुई हजार ६४२ दशमलव १५ मा पुगेको हो । ३५४ कम्पनीको दुइ करोड पाँच लाख ५९ हजार ५५ कित्ता शेयर ८३ हजार ७५ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ३६ करोड ४४ लाख २४ हजार २४ हजार ५५५ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

म्युचुअल फन्ड उपसमूहको सूचक शून्य दशमलव ५६ र व्यापार समूह शून्य दशमलव २२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ४५, विकास बैंक एक दशमलव १८, वित्त दुई दशमलव ११, होटल तथा पर्यटन एक दशमलव १९, जलविद्युत् एक दशमलव ६३, लगानी शून्य दशमलव ८१, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७३, लघुवित्त शून्य दशमलव ५०, निर्जीवन बीमा शून्य दशमलव ७५ र अन्य समूह शून्य दशमलव ५८ प्रतिशतले घटेको छ ।

सलपा विकास बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सुपर माई हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै रिडि पावर कम्पनी लिमिटेडको रु ५३ करोड ३६ लाख १४ हजार ८४२ बराबरको १५ लाख ९९ हजार ३८४ कित्ता शेयर कारोबार भएको छ ।

## कर्पोरेट

# ग्लोबल आइएमईबाट अन्तर्राष्ट्रिय अनलाइन भुक्तानीमा ५० प्रतिशत छुट




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले अन्तर्राष्ट्रिय शैक्षिक प्रयोजन जस्तै अध्ययन शुल्क, भिषा शुल्क, अनलाइन परीक्षा शुल्कहरूको लागि आवश्यक अन्तर्राष्ट्रिय अनलाइन भुक्तानीहरूको सेवा शुल्कमा ५० प्रतिशत छुट प्रदान गर्ने विशेष योजना सार्वजनिक गरेको छ ।

बैंकले नेपाली विद्यार्थीहरूलाई विशेष गरी शैक्षिक प्रयोजनका लागि आवश्यक सम्पूर्ण अन्तर्राष्ट्रिय अनलाइन भुक्तानीहरू जस्तै आईईएलटीएस, टोफल, स्याट, जीम्याट, पीटीई, एसीटी, एसीसीए, युएसएमएलई, कलेज फि, भिषा शुल्क, बीमा शुल्क लगायतका विभिन्न सेवा वापतको भुक्तानी गर्दा लाग्ने सेवा शुल्कमा ५० प्रतिशतको छुट प्रदान गर्नेछ ।

यो योजना अन्तर्गतको छुट जुलाई ३१, २०२६ सम्म लागू हुनेछ । ग्राहकहरूको सुविधालाई प्राथमिकतामा राख्दै बैंकले उक्त सेवा आफ्ना ११७ वटा शाखामार्फत विस्तार गरेको छ । यो योजनाअन्तर्गतको छुट तथा सेवा उपलब्ध हुने बैंकका शाखा कार्यालयहरूसम्बन्धी विवरण बैंकको वेबसाइटमा उपलब्ध छ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५२ शाखा कार्यालय, ३८५ एटिएम, १४७ शाखा रहित बैंकिंग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

# आउटस्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्डमा नेपाली विद्यार्थीको उत्कृष्ट नतिजा

**काठमाडौं (प्रस)–** क्याम्ब्रिज युनिर्भसिटी प्रेस एण्ड एसेसमेन्ट अन्तर्गतको द इन्टरनेशनल एडुकेसन ग्रुप नेपालमा आउटस्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्डका विजेताको घोषणा गरेको छ । क्याम्ब्रिज इन्टरनेशनल एएस र ए लेभल परीक्षामा नेपालका ४७ जना विद्यार्थीले उत्कृष्ट नतिजा ल्याएका छन् । उनीहरूमध्ये ४ जना विद्यार्थीले विश्वभरबाट उच्च अंक हासिल गरेका छन् भने ३६ जनाले नेपालभित्र एकल बिषयमा उच्च अंक प्राप्त गरेका छन् ।




विश्वका विभिन्न ४० वटा देशमा क्याम्ब्रिज इन्टरनेशनल एडुकेसनले सञ्चालन गर्ने परीक्षामा सहभागी भएर विद्यार्थीले पाएको सफलतालाई आउटस्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्ड कार्यक्रमले सम्मान गर्दै आएको छ । क्याम्ब्रिजबाट हासिल भएको योग्यताले विश्वविद्यालय तहको अध्ययन तथा त्यसपछिका पेशागत र व्यवसायिक कार्यमा विद्यार्थीहरूलाई आवश्यक पर्ने सीप प्रदान गर्दछ ।

क्याम्ब्रिजबाट विद्यार्थीले प्राप्त गर्ने शैक्षिक योग्यतालाई विश्वभरका उत्कृष्ट र अग्रणी शैक्षिक संस्थाल मान्यता दिइरहेका छन् । साथै, ती संस्थाले विद्यार्थीको आलोचनात्मक सोचाइको क्षमता, अनुसन्धानका लागि चाहिने दक्षता र सीप तथा बिषयगत क्षेत्रमा उनीहरूको ज्ञानलाई उच्च कदर गर्ने गरेका छन् ।

# दाङमा तोरीको उत्पादन बढ्यो

■ प्रभाव संवाददाता

**घोराही–** यहाँ पछिल्लो समय तोरी उत्पादनमा वृद्धि भएको छ। तोरीखेतीप्रति किसानको आकर्षण बढ्दै गएको हुँदा क्षेत्रफल र उत्पादन बढ्दै गएको हो । दाङको तोरी पहिचानका रूपमा रहेको कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले बताए । जिल्लाबाट तोरीको तेलको माग अन्यत्र जिल्लामा धेरै रहेको उनको भनाइ छ ।

यहाँको तोरीको माग काठमाडौं, पोखरा, चितवन, नेपालगन्जलगायत जिल्लामा धेरै रहेको उनले बताए । 'पहिलेदेखि नै दाङको तोरीको माग बाहिरी जिल्लाबाट धेरै हुने गरेको छ', प्रमुख भण्डारीले भने । सहज रूपमा बिक्री भएमा किसानको आकर्षण बढ्दै जाने उनको भनाइ छ। 'उत्पादन भएको तोरी कुनै पनि किसानलाई बजारको समयस्या नभएकाले पनि किसानको संख्या तथा क्षेत्रफल बढेको हो', उनले भने ।

राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वन एकाइ दाङका तोरी जोनअनुसार क्षेत्रफलसँगै उत्पादन वृद्धि भएको हो । आर्थिक वर्ष २०७९/८० मा तोरी जोनअन्तर्गतको क्षेत्रमा एक हजार २०० हेक्टरमा खेती गरिएको थियो । जसमा एक हजार ९३२ मेट्रिक टन तोरी उत्पादन भएको तोरी जोनका प्रास सूर्यज्योति केसीले जानकारी दिए । आव २०८०/८१ मा एक हजार २०० हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार चार मेट्रिक टन तोरी उत्पादन भएको थियो ।

आव २०८१/८२ मा एक हजार २४२ हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार १२३.८२ मेट्रिक टन उत्पादन भएको हो । आव २०८२/८३ मा एक हजार २७८.०२ हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार १९८.१९ मेट्रिक टन उत्पादन भएको छ ।

प्रतिहेक्टर १.७२ उत्पादकत्व रहेको छ । तोरी जोनले किसानलाई प्राविधिक, बीउ तथा प्रविधिमा सहयोग गर्दै आएको परियोजनाका प्रास केसीले बताए । तोरी जोन पश्चिम क्षेत्रको दंगीशरण, शान्तिनगर, बबई गाउँपालिका र तुलसीपुर उपमहानगरपालिकाको केही वडामा सञ्चालनमा रहेको छ । तोरीखेती गर्ने किसानले क्षेत्रफलसमेत विस्तार गर्दै गएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ